# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : फिक्कल गाउँपालिका, सिन्धुली , फिक्कल गाउँपालिका , सिन्धुली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजु प्रसाद न्यौपाने | २०७७-५-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दाताराम प्याकुरेल | २०७६-८-२० | |
| | | **बेरुजु रकम** | ४९,१५७,९४६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १३,९३,४३,४५०.४४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,६९,२३,४७३ | **चालु खर्च** | ३०,७५,४७,६३४ |
| **प्रदेश सरकारबाट अनुदान** | ६,१७,९७,००० | **पूँजीगत खर्च** | १६,०५,६९,५३२ |
| **राजश्व बाँडफाँट** | ७,७३,०८,३९३.३६ | **वित्तीय/अन्य व्यवस्था** | १,२१,१९,६१३ |
| **आन्तरिक आय** | १,२१,७१,४०८ | | |
| **अन्य आय** | १,८३,८७,६३२.६४ | | |
| **कुल आय** | ५१,६५,८७,९०७ | **कुल खर्च** | ४८,०२,३६,७७९ |
| **बाँकी मौज्दात** | | ५,०२,८५,४७८.४४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १८५ वर्ग किलोमिटर क्षेत्रफल तथा १६ हजार ९६६ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय सञ्चित कोष**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ । | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/ भुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/ भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५२९,८६१,९०० | ५१६,५८७,९०७ | ५१६,५८७,९०७ | ४०३,६०४,८५६.२२ | ४०३,६०४,८५६.२२ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५१४,४८१,७२८.५० | ४९८,४६१,८३० | ४९८,४६१,८३० | ३६९,३०७,१४४.२२ | ३६९,३०७,१४४.२२ |
| ११००० कर | ११ | ९१,२९४,९७० | ७७,५०३,६७३.२८ | ७७,५०३,६७३.२८ | ६३,१३६,०८८.७२ | ६३,१३६,०८८.७२ |
| १३००० अनुदान | | ४०९,२६०,०७४ | ४०८,९८२,०२८ | ४०८,९८२,०२८ | २९७,४६९,००० | २९७,४६९,००० |
| संघीय सरकार | १२ | ३४६,९२३,८५३ | ३४६,९२३,४७३ | ३४६,९२३,४७३ | २७५,८११,००० | २७५,८११,००० |
| प्रदेश सरकार | १२ | ६१,७९७,००० | ६१,७९७,००० | ६१,७९७,००० | २१,६५८,००० | २१,६५८,००० |
| जनसहभागिता | | ५३९,२२१ | २६१,५५५ | २६१,५५५ | ० | ० |
| १४००० अन्य राजस्व | | १३,२२६,६८४.५० | ११,९२९,३३०.७२ | ११,९२९,३३०.७२ | ८,७०२,०५५.५० | ८,७०२,०५५.५० |
| १५००० विविध प्राप्ति | | ७००,००० | ४६,७९८ | ४६,७९८ | ० | ० |
| ख. अन्य प्राप्ति | | १५,३८०,१७१.५० | १८,१२६,०७७ | १८,१२६,०७७ | ३४,२९७,७१२ | ३४,२९७,७१२ |
| कोषहरु | | १५,३८०,१७१.५० | १४,५६९,१४० | १४,५६९,१४० | ३३,०१४,५७१ | ३३,०१४,५७१ |
| धरौटी | | ० | ३,५५६,९३७ | ३,५५६,९३७ | १,२८३,१४१ | १,२८३,१४१ |
| भुक्तानी (ग+घ) | | ५४३,०८८,५६९.५० | ४८०,२३६,७७९ | ४८०,२३६,७७९ | ३६४,५४४,६१८.८९ | ३६४,५४४,६१८.८९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५२७,७०८,३९८ | ४६८,११७,१६६ | ४६८,११७,१६६ | ३४०,०२६,०४९.८९ | ३४०,०२६,०४९.८९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ४६,९२७,६९३ | ४२,४९५,५८३ | ४२,४९५,५८३ | ३४,०९१,६०० | ३४,०९१,६०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२१,०१६,८४३ | १०५,४४६,१४७ | १०५,४४६,१४७ | ५९,००६,५४२ | ५९,००६,५४२ |
| २५००० सहायता (Subsidy) | १८ | २८,२०४,६४२ | २७,४८६,८३७ | २७,४८६,८३७ | २४,७७१,८८१ | २४,७७१,८८१ |
| २६००० अनुदान | १८ | १३६,११२,००० | १२९,२०२,२१७ | १२९,२०२,२१७ | १०२,४७७,९६९ | १०२,४७७,९६९ |
| २७००० सामाजिक सुरक्षा | १८ | ७००,००० | ३९३,००० | ३९३,००० | १,२९४,९४७ | १,२९४,९४७ |
| २८००० अन्य खर्च | १८ | २,७४०,००० | २,५२३,८५० | २,५२३,८५० | १,६४६,७०० | १,६४६,७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बिषय | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९२,००७,२२० | १६०,५६९,५३२ | १६०,५६९,५३२ | ११६,७३६,४१०.८९ | ११६,७३६,४१०.८९ |
| घ. अन्य भूक्तानी | | १५,३८०,१७१.५० | १२,११९,६१३ | १२,११९,६१३ | ३६४,५४४,६१८.८९ | ३६४,५४४,६१८.८९ |
| कोषहरु | | १५,३८०,१७१.५० | ११,४९५,६८८ | ११,४९५,६८८ | २३,७६८,५६९ | २३,७६८,५६९ |
| धरौटी | | ० | ६४०,००० | ६४०,००० | ७५०,००० | ७५०,००० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१६,०७५ | -१६,०७५ | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -१३,२२६,६६९.५० | ३६,३५१,१२८ | ३६,३५१,१२८ | ३९,०६०,२३७.३३ | ३९,०६०,२३७.३३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १३,९३४,३५०.४४ | १३,९३४,३५०.४४ | १३,६४७,८१७.१७ | १३,६४७,८१७.१७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -१३,२२६,६६९.५० | ५०,२८५,४७८.४४ | ५०,२८५,४७८.४४ | ५२,७०८,०५४.५० | ५२,७०८,०५४.५० |
| बैंक तथा नगद बाकी | २४ | ५०,८३२,५५२.४४ | ५०,८३२,५५२.४४ | ५२,७०६,४५४.५० | | ५२,७०६,४५४.५० |
| बैंक तथा नगद बाकी | २४ | | ५०,८३२,५५२.४४ | ५०,८३२,५५२.४४ | ५२,७०६,४५४.५० | ५२,७०६,४५४.५० |

गाँउपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरु निम्नानुसार रहेका छन्ः

| **सि.नं.** | **खर्च शीर्षक** | **बजेट** | **निकासा** |
|---|---|---|---|
| १ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७१४०००० | ७१४०००० |
| २ | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | ८०००००० | ८०००००० |
| ३ | सामाजिक सुरक्षा  तथा संरक्षण | ४०४६४००० | ४०२७७३०० |
| ४ | गरिव सँग विश्वेश्वर | ५४६००० | ५२०००० |
| ५ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १३९७८००० | ८५००००० |
| ६ | स्थानीय प्रशासकीय भवन निर्माण कार्यक्रम | १८००००० | १४४९५२१ |
| | **जम्मा** | ७१९२८००० | ६५८८६८२१ |

संघीय राजस्वतर्फ रु. ३३२६१७ राजस्व आम्दानी तथा संघीय संचित कोष दाखिला गरेको आर्थिक विवरण पेश भएको छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको सीमा<br>उल्लेखित आर्थिक कारोवारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन्ः</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>फिर्ता दाखिला<br>आर्थिक वर्ष २०७७।७८ मा निकासा मध्य बाँकी रहेको संघीय सशर्त अनुदानतर्फ रु. १,५५,४८,४५२।- मिति २०७८।४।४ र विशेष अनुदानको मिति २०७८।७।१६ मा र प्रदेश सशर्ततर्फको रु. १५,४४,९२९।- र विशेषतर्फको रु. १,००,०५८।- मिति २०७८।४।४ मा र प्रदेश समपूरकतर्फको रु. २२,७९,९१८।- मिति २०७८।६।१७ मा राष्टिय वाणिज्य बैंक सिन्धुली शाखामा फिर्ता दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>सेवा प्रवाह<br>लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ. व. २०७७।७८ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।
<table>
<tr><th>सि न</th><th>विवरण</th><th>विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिश सख्या</th></tr>
<tr><td>१</td><td>विवाह दर्ता</td><td>१७३</td></tr>
<tr><td>२</td><td>जन्म दर्ता</td><td>३६७</td></tr>
<tr><td>३</td><td>मृत्यु दर्ता</td><td>९२</td></tr>
<tr><td>४</td><td>बसाईसराई दर्ता</td><td>५२</td></tr>
<tr><td>५</td><td>नागरिकता सिफारिश</td><td>२९०</td></tr>
<tr><td>६</td><td>घरबाटो सिफारिश</td><td>३०८</td></tr>
<tr><td>७</td><td>नाता प्रमाणित</td><td>२९१</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>वित्तीय विवरण<br>यस गाउँपालिकाको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>चौमासिक प्रगति विवरण - आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो बमोजिम चौमासिक विवरण बनाई पेश गरेको पाइएन । कानूनको परिपालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>(क) वित्तीय विवरण विश्लेषण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः .<br><br>• कतिपय बैंक खाताहरु श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ठ हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

• प्राप्त वितीय विवरणको अनुसूची-२४ मा बैक कारोवारमा बर्षान्तको बाकी रु. ५०८३२५५२।- र अनुसूची-२४ अनुसारको नगद तथा बैक बाँकी रु. १६६४४३०४।- भई बैक रु. ३४१८८२४८।- ले बढी देखिएको वित्तीय विवरणले देखाउदछ । अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु.५०८३२५५२।- मध्ये विभाज्य कोष खातामा रु. ३४१८८२४८।- बैंक कारोवारमा भिन्नता भन्ने उल्लेख छ । यस सम्बन्धमा पुष्ट्याई प्राप्त नभएकोले हिसाव यकिन हुनुपर्दछ ।

• NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच समरुपता देखिँदैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।

• पालिकाको सञ्चितकोषको बैंक नगदी किताब अनुसार रु. ५५०७७६२९१।- खर्च देखिएकोमा वित्तीय प्रतिवेदनमा रु. ४६८११७१६६।- देखिन्छ । बैंक नगदी किताब र वित्तीय प्रतिवेदन बीच रु. ८२६५९१३३।- ले फरक देखिएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

लेखापरीक्षणका क्रममा वित्तीय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

**(ख) बैंक हिसाब मिलान** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा २०७८ असार मसान्तको श्रेस्ता र बैंक स्टेटमेन्ट अनुसारको हिसाब मिलान विवरण देहाय बमोजिम रहेको छ ।

| **सि.नं.** | **खाताको नाम** | **स्रेस्ता अनुसार बाकी** | **बैङ्क स्टेटमेन्ट अनुसारको बाँकी** | **फरक** |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व खाता | ० | ५६४३९० | |
| २ | बाँडफाड प्राप्त राजस्व | ० | ९६७१३२.४५ | |
| ३ | चालु खर्च जोर बर्ष | ० | ३६४२९१०१.३२ | |
| ४ | पुँजीगत खर्च जोर बर्ष | ० | ४६७२३९५१.९८ | |
| ५ | विविध खर्च खाता | ० | १२३६४३३.५ | |
| ६ | स्थानीयतह धरौटी खाता | ८९८००३ | २२८०४३७ | |
| ७ | स्ठानीय तह सन्चित कोष | १३१२६११९.४४ | १५४०१६३.७३ | |
| ८ | स्थानीय तह आकस्मीक कोष | ७१६४० | १४२५२५ | |
| ९ | प्रकोप व्यवस्थापन कोष | ६१९८८४ | ६८०१०७ | |
| **जम्मा** | | **१६६४४३०४.४४** | **९०५६४५४१.९८** | **७३९२०२३७.५४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६.३ | | | **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कल्याण कोष खातामा गत वर्षको मौज्दात रु. ४१६०००।- रहेकोमा कारोबार भएको देखिएन । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको बजेट व्यवस्था भएको देखिएन । | |
| ६.४ | | | **जिम्मेवारी** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. ५२७०६४५४।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १३९३४३५०।- जिम्मेवारी सारेको देखियो । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३८७७२१०४।- घटी जिम्मेवारी सरेको सम्बन्धमा पालिकाले गत आ.व को निकासा फिर्ता गर्नुपर्ने रकम रु. ३०७८५१४६।- सुत्रमा प्रविष्टी नगरी म्यानुअल फिर्ता गरेको रकम घटाउदा समेत रु. ७९८६९५८।- फरक देखिएकाले यकीन गर्नुपर्ने रु | ७,९८६,९५८ |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशील बमोजिम रहेका छन्ः | |
| ७.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा सो नगरेको<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अद्यावधिक नगरेको<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरेको<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा नगरेको<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका ३१३ उपभोक्ता समितिहरूबाट रू.७ करोड ५२ लाख २० हजार खर्च भएकोमा उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको र त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार नबनेको र त्यस्ता समितिहरुले आय-व्यको लेखापरीक्षणसमेत नगराएको<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरे नगरेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अधुरा आयोजनाको समीक्षा नगरेको<br>• बैङ्क हिसाव मिलान नगरेको<br>• योजना कार्यान्वयनको कार्यतालिका नबनाएको<br>• ठेक्काको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको<br>• उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेको र हाल सम्मको परिणाम र खर्च देखिने एकीकृत नापी किताब प्रयोगमा नल्याएको<br>• आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको<br>• दीगो विकास योजनालाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण नगरेको<br>• सार्वजनिक खरिद नियमावली नबनाएको<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री निर्माण ज्याला भाडा महशूल लगायतको न्यूनतम दररेट नतोकेको<br>• कुनै रकमको भुक्तानी दिंदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुममा सिलसिलेवार नम्बर राखी कार्यलय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो नगरेको<br>• उपभोक्ता समितिबाट गरिएका धेरै काममा खर्चका प्रमाण परीक्षण गर्दा केहीमा मू.अ.करमा दर्ता नभएका फर्मको बिल राखेको र तोकिएको समयमा नै कार्य सम्पन्न हुने नगरेको ।<br>• निजामती सेवा, २०४९ बमोजिम कार्य विवरण बनाई लागू नगरेको<br>• कन्टेन्जेन्सी हिसावको अभिलेख नराखेको<br>• डोजर सञ्चालनको आम्दानी तथा खर्च अभिलेख नराखेको<br>• पालिकाका कर्मचारीहरु मात्र बैठक बसेकोमा समेत बैठक भत्ता भुक्तानी गरेको<br>• विद्यालयले गरेको खर्चको भुक्तानीमा बिलभरपाईहरु सक्कल नराखेको<br>• विभिन्न समितिहरु गठन भई बैठक भत्ता खर्च लेखेकोमा समिति भन्दा आमन्त्रित धेरै रहेको ।<br>• खर्च भएर जाने धेरै जसो समानको जिन्सी दाखिला नगरेको<br>• सहायक जिन्सी खाता नराखेको<br>• **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७(२)अनुसार पालिकाले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई सोको प्रतिवेदन प्राप्त गरेकोमा उक्त प्रतिवेदनमा औंल्याइएका बेरुजु व्यहोरा फर्स्यौट गरेको पाइएन । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु समयमै नियमानुसार फर्स्यौट गराउनु पर्दछ ।<br>• **विद्यालयहरुको लेखापरीक्षण** - गाउँपालिका मातहतका ५४ विद्यालयहरुका लागि रु १४११४९०५३।- विनियोजन गरि निकासा खर्च गरेको छ। बिद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकासा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको यकिन गर्नुपर्दछ।<br>• **अभिलेख**- गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर व्यवस्थित रुपमा राख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | **सूचना प्रविधि पद्धति** - सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसँग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः<br>• सूचना प्रविधि पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |
| ७.३ | | | **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धति** - सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक रुपमा राखेको पाइएन । तोकिएको फारमहरुको अभिलेख अद्यावधिक राख्नुपर्दछ । | |
| ७.४ | | | **भ्रमण अभिलेख** - भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ९०७, ९०८ र ९०९ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख तथा प्रतिवेदन राखेको पाइएन । तोकिएको फारमहरु प्रयोग गरी अभिलेख राख्नुपर्दछ । | |
| ७.५ | | | **बेरुजु लगतः** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख अनुसार म. ले. प. फाराम अद्यावधिक राखेको पाइएन । | |
| ७.६ | | | **धरौटी फिर्ता** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा कट्टा गरिएको रिटेन्सन मनी निर्माण व्यवसायीले सम्बन्धीत आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछी भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले भूमिका एण्ड सम्मत निर्माण सेवा प्रा.लि. पान नं.६०९५१७९१४ को धरौटी रु. १२५०००.०० फिर्ता गर्दा करचुक्ता प्रमाण पत्र संलग्न नभएको रु. | १२५,००० |
| ८ | | | **सम्पत्ति उपयोग र संरक्षण**<br>यस पालिकाको सम्पत्ति उपयोग र संरक्षण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| ८.१ | | | **संपति हस्तान्तरण र अभिलेखः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार, संरक्षण , हस्तान्तरण र अभिलेख राख्नुपर्दछ । गाउँपालिकाले साविकको कार्यालयको सम्पत्ति हस्तान्तरण र अभिलेख अद्याविक नगरेको र वडा कार्यालयमा रहेको जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन । जिन्सी खातामा मालसामानहरूको मूल्य समेत आंशिक मात्र खुलेकोले अभिलेख अद्याविक हुनुपर्दछ । | |
| ८.२ | | | **जिन्सी लगत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले नियमानुसार जिन्सी लगत तयार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.३ | | | **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्ति र जग्गा एवं मर्मत सम्भार तथा संरक्षणको अभिलेख नरहेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनेको र संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गरेको पाइएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी/ गराइ अभिलेख राख्नुपर्दछ । | |
| ९ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br>यस पालिकाको कानून निर्माण एवं कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| ९.१ | | | **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १६ ऐन, ४ नियमावली, १६ कार्यविधि ५ निर्देशिका समेत ४१ कानून निर्माण भएको देखिन्छ ।निर्माण भएका सबै कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा रहेका छन् । | |
| ९.२ | | | **न्याय सम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नखुलेको र यो बर्ष थप भएको ३९ विवाद दर्ता भएकोमा २९ वटा मात्र फर्स्यौट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **बजेट तथा कार्यक्रम**<br>यस गाउँपालिकाको बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| १०.१ | | | **बजेट तथा अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पार्वती सुनुवार २०७७।३।१० गते रु. ४५ करोड ६० लाख ४६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ३ करोड ९० लाख ६७ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट देहाय बमोजिमको बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>अबण्डा शीर्षक</th><th>रकम (रु. हजारमा)</th><th>अबण्डाबाट खर्च</th></tr>
<tr><td>१</td><td>समपूरक कोष</td><td>३१०६७</td><td>पुँजीगत प्रकृति</td></tr>
<tr><td>२</td><td>अध्यक्ष कोष</td><td>३०००</td><td>चालु र पुँजीगत</td></tr>
<tr><td>३</td><td>रोजगार सहायता कोष</td><td>५०००</td><td>खर्च नभएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३९०६७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>(क) रकामान्तर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । गाउँ सभाको निर्णयानुसार कार्यपालिकाले विभिन्न मौजुदा ३७ कार्यक्रमबाट रु. १ करोड १५ लाख ४१ हजार रकमान्तर गरी विभिन्न ४० नयाँ तथा पुराना कार्यक्रममा रु. १ करोड ९१ लाख ६९ हजार कार्यक्रम संशोधन गरी रकम खर्च गरेको देखिएको छ।<br><br>(ख) क्रमागत योजना- सरकारी निकायले गत बर्षको भुक्तानी गर्दा यस बर्षको कार्यलाई असर नपर्ने गरी भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित भएको अवस्थामा मात्र भुक्तानी गर्नुपर्छ । पालिकाले यस बर्ष गत आ. व. को भुक्तानी बाँकी क्रमागत योजनाको विनियोजन ऐन मार्फत चालु आ.व.मा एकमुष्ठ योजना हस्तान्तरण र बजेट ब्यवस्था गरी विभिन्न ११ योजनाको लागि रु. २४०९००००।- भुक्तानी गरेको देखिन्छ । उक्त भुक्तानी रकमको भुक्तानी बाँकीको प्रमाणित कच्चावरी वेगर भुक्तानी गरेको देखियो । भुक्तानी बाँकीको कच्चावारी वेगर भुक्तानी गरेको उचित देखिएन ।</td><td></td></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>बजेट मार्गदर्शन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको देखिन्छ तर समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जूमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेमा सो गरेको पाइएन । कानूनको परिपालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.५</td><td></td><td></td><td>अध्यक्ष कोष - गाउँपालिकाले विनियोजन ऐन, २०७७ मा अध्यक्ष कोष बजेट शीर्षकमा रु. ३००००००।- एकमुष्ठ रुपमा अबण्डमा विनियोजन गरेको देखिन्छ । गाउँपालिकाका अध्यक्षस्तरको पटक-पटक टोक आदेश र कार्यपालिकाको निर्णय र गउँसभाको एकमुष्ठ खर्च अनुमोदन गरी उक्त कोषबाट इन्धन खर्च, सोलार मर्मत, मन्दिर निर्माण, बाटो मर्मत, गाडीभाडा तथा समाग्रि खरिद, खेल मैदान निर्माण लगायतका खर्च प्रकृतिका बेजट क्रियाकलपहरुमा विभिन्न ३० खर्च गोश्वारा भौचरबाट रु. २८९१५१८।- खर्च लेखेको देखिएको छ । यसरी बजेट अवण्डा राखी तजाविजी अधिकार प्रयोग गरेर अनुकुलतामा निर्णय गरेको उपयुक्त देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.६</td><td></td><td></td><td>

**योजना छनौट तथा कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम (रु हजारमा)</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>१८३</td><td>९४९०</td></tr>
<tr><td>२</td><td>रु १ लाख एक देखि ५ लाख सम्मका योजना</td><td>१०९</td><td>२६२४०</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>८</td><td>५४५०</td></tr>
<tr><td>४</td><td>रु १० लाख देखि५० लाख सम्मका योजना</td><td>१३</td><td>३४०४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३१३</td><td>७५२२०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१०.७</td><td></td><td></td><td>

**अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रोफाइल तयार गरेको पाइएन । ऐन नियमको पालना हुनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>१०.८</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>२६६०२२२१</td><td>२३१७४१६०</td><td>४.९८</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२११५४४४००</td><td>१८९५२२५३८</td><td>४०.४८</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१६१६७६८५३</td><td>१३५९१५७१०</td><td>२९.०३</td></tr>
<tr><td>सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र</td><td>५०३७६९५४</td><td>४६४०७६०८</td><td>९.९१</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>७७५०७९७०</td><td>७३०९७१५०</td><td>१५.६१</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बिषय | | | |
|---|---|---|---|
| **जम्मा** | **५२७७०८३९८** | **४६८११७१६६** | **१००** |

**(क) खर्च बिश्लेषण** - पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १२१७१४०८।- राजस्व बाँडफाँड र अनुदानबाट रु ५०२३६७४६२।-  र अन्य समेत रु ५१६५८७९०७।- आम्दानी भएकोमा चालुतर्फ रु ३०७५४७६३४।- र पुँजीगततर्फ रु १६०५६९५३२।- समेत रु ४८०२३६७७९।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ४८००००० खर्च भएको छ जुन आन्तरिक आयको ३९.४३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.२१ प्रतिशत चालु र ३१.९६ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**(ख) आन्तरिक आयको तुलनामा प्रशासनीक खर्च** - लेखापरीक्षण लाई प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरिक आम्दानी रु. १२१७१४०८।- रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु ७३०९७१५०।- रहेको छ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा  ६.०० गुणा बढी रहेको छ । पालिकाले आन्तरीक आम्दानीको थप स्रोतहरु बढाउन पहल गर्नुपर्दछ ।

**(ग) चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यन्वय गर्ने कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । साथै पालिकाले स्वीकृत भएको कार्यक्रम बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।  पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| पुँजीगत कूल खर्च | १६०५७० | २४०३१ | ३९४०७ | ९७१३१ | ६०३८० |
| खर्च प्रतिशत | १०० | १४.९६ | २४.५४ | ६०.४९ | ३७.६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.९ | | | **वार्षिक प्रगति विवरण** - पालिकाले चौमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, प्रदेशस्तर, जिल्लास्तर तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्दछ । पालिकाको सञ्चालित योजनाहरुको प्रगति विवरण पेश हुन आएन । सञ्चालित योजनाहरुको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सोको विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजीम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.१० | | | **उपभोक्ता समितिलाई प्रशासनिक खर्च** – गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७४ (संशोधन समेत) को दफा ८ बमोजिम उपभोक्ता समितिलाई लागत अनुमान बाहेकको सम्झौता भए बमोजिम प्रशासनिक खर्च वापत रु. २४५००००।- भुक्तानी गरेको देखिन्छ । नमूना छनौटका आधारमा बिल भरपाई परीक्षण गर्दा यस्तो खर्च खाजा तथा खाना लगायतको खर्चको बिल भरपाई संलग्न देखिएको छ । यसरी लागत अनुमान र सहभागितामा समावेश नगरी उपभोक्ता समितिलाई प्रशासनिक खर्च वापत थप खर्च भुक्तानी दिएको रु. २४५००००।- पालिकालाई थप आर्थिक व्ययभार पर्न गएको रु. | २,४५०,००० |

| योजना विवरण | प्रशासनिक खर्च | गा.पा.बाट संचालिन योजनामा संख्या | योजनाको रकम | प्रशासनिक खर्च व्ययभार |
|---|---|---|---|---|
| १ लाखसम्म | ५००० | १८३ | ९४९०००० | ९१५००० |
| ५ लाखसम्म | १०००० | १०९ | २६२४००६३ | १०९०००० |
| १५ लाखसम्म | १५००० | ८ | ५४५०००० | १२०००० |
| २५ लाखसम्म | २५००० | १३ | ३२०४०००० | ३२५००० |
| २५ लाख माथि ०.४० प्रतिशत | ०.४० प्रतिशत | | | |
| जम्मा | | ३१३ | ७५२२००६३ | २४५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन**<br>यस गाउँपालिकाको संगठन तथा कर्मचारी ब्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| ११.१ | | | **स्वीकृत दरवन्दी र पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति हुनुपर्ने व्यवस्था छ । पालिकामा कुल दरबन्दी संख्या ३१ रहेकोमा २७ पदपूर्ति भएको छ । दरबन्दी बमोजिमको पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११.२ | | | **करार सेवा** - स्थानीय सरकार ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोजको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको आवश्यकताको आधारमा ७६ जना कर्मचारीहरु करारमा राखी वर्षभरीमा करार सेवा शुल्क खर्च शीर्षकबाट रु. १२८४०१८७।- खर्च लेखेको देखियो ।<br>त्यसैगरी सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी सवारी चालक, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार, मालि, बँगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित पद बाहेकको विभिन्न ई. १ जना,सहायक स्तर प्राविधिक समेत १५ जना, अमिन १, अ.हे.ब. ६, अनमी ९, र ल्याब अ. १, जना गरी ३३ जना कार्यपालिकाको सिफारिसमा गाउँसभाको अनुमोदनबाट करार नियुक्ति गरी वर्षभरीमा रु. १२४९८९८०।- भुक्तानी गरेको देखिएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.३</td><td></td><td></td><td>प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले कानून नबनाई यो वर्ष गाउँ कार्यपालिकाको निर्णय र गाउँसभाबाट अनुमोदन गराई १२ जना कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेको आधारमा प्रोत्साहत भत्ता वापत रु. ३६०८५०।- खर्च लेखेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>११.४</td><td></td><td></td><td>तलवी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले वर्षभरिमा गाउँपालिकातर्फ रु. १०१२६२९३ ।- र स्वास्थ्य तर्फ रु. १३५६४३९४।- गरी जम्मा रु. २३६९०६८७।- तलबी प्रतिवेदन पारित नभई तलब खर्च लेखेको पाइयो । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.५</td><td></td><td></td><td>योजना छनौट - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वियन गर्नुपर्दछ । पालिकाले नियमानुसार योजना छनौट तथा कार्यान्वियन गरेको पाइएन । योजना छनौट तथा प्राथमिकीकरण गर्दा उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट तथा कार्यान्वियन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>अनुदान प्राप्ती, वितरण र उपयोग<br>यस गाउँपालिकाको अनुदान प्राप्ती, वितरण र उपयोग सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले औषधि उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्तिलाई रु. १६०७२४० र अन्य सहायता रु. ९१७०० समेत रु. १६९८९५० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>अनुदानको अनुगमन - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, अनुदानमा रु. ११८१३९९१।- खर्च लेखेको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । केही उदाहरणहरु<br>
<table>
<tr><th>क्र.स</th><th>कार्यक्रमको नाम</th><th>लाभग्राही संख्या</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>युवा लक्षित कार्यक्रम</td><td>२०००० का दरले १० वटा फर्मलाई वितरण गरिएको</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>८० प्रतिशत अनुदानमा प्लास्टीक टनेल वितरण</td><td>२४ जना</td><td>१०००००</td></tr>
<tr><td>३</td><td>पित्तलको स्प्रेयर ट्याङ्की गाउँविकाससमिति साविक वडामा ११ थान सहित ६० थान</td><td>३० लाभग्राही निशुल्क वितरण</td><td>३५६४९१</td></tr>
<tr><td>४</td><td rowspan="2">६० प्रतिशत अनुदानमा कृषि औजार</td><td>५६ लाभग्राही कर्न सेलर</td><td rowspan="2">३०८०००</td></tr>
<tr><td>५</td><td>२ समुहलाइ मल्टीक्रप थ्रेसर</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ६ | आँप लिची पकेट क्षेत्र मध्ये पाकेट क्षेत्र | ३००० लाभग्राही | २९९५०० | |
| | | | ७ | किविको बिरुवा वितरण ५० प्रतिशत | १ समुह | १००००० | |
| | | | ८ | धान मकै गहुँक र आलुको बिउ वितरण ५० प्रतिशत | | ४००००० | |
| | | | ९ | जुनार सुन्तला नासपाती कागती बिरुवा वितरण ५० प्रतिशत | | २००००० | |
| | | | १० | अन्नबाली तथा फलफुलमा प्रयोग हुने विषादी खरिद निशुल्क | ४००० | ३००००० | |
| | | | ११ | माछा पालन अनुदान | ४ वटा फर्मलाई | १००००० | |
| | | | १२ | कृषक दर्ता व्यवस्थापन कार्यक्रम | फर्म छपाइ र प्रविष्टीकरण | ३००००० | |
| | | | १३ | स्थानीय तहमा मिनि डिजिटल मोबाइल माटो ल्याब स्थापना तथा परिक्षण कार्यको संचालनको लागि सशर्त अनुदान | | ५००००० | |
| | | | १४ | राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन ५० प्रतिशत | ६ वटा पकेट समुह १ नं वडा किवि २ नं वडा धान ३ नं वडा आलु ४ नं वडा गहत ५ नं वडा आँप लिची र ६ नं वडा जुनार | २४००००० | |
| | | | १४ | गोठ खोर सुधार कार्यक्रम | ५० जना कृषक घरपरिवार | ५००००० | |
| | | | १५ | लक्षितवर्ग र सीमान्तकृत वर्गमा बंगुर पाठापाठी नश्ल सुधारका लागी वितरण | २ समुह प्रति समुह १० वटा बंगुर पाठापाठी | १००००० | |
| | | | १६ | भुइ तथा डाले घाँसको बिउ बेर्ना वितरण | ६१ जना कृषकलाई १५० केजी वर्षिम ४७ जना कृषकलाई २०० केजी जै २७ वटा बाख्रा फर्म १ वटा भैंसी फर्म र ३३ जना कृषलाइ बडहर टाकी किम्बु भटमासे कोइरालो बिरुवा वितरण | १८०००० | |
| | | | १७ | औषधि खरिद | वडा नं ०६ को  बाख्रा महमारी ६ मासे  रोग नियन्त्रण | १९७००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | परजीवी विरुद्ध कृषकलाइ वितरण आउट प्रसेन्ट रजिष्टरमा इन्ट्री | ७३००० | |
| | | | | | परजीवी विरुद्ध कृषकलाई वितरण आउट प्रसेन्ट रजिष्टरमा इन्ट्री | १००००० | |
| | | | १८ | पशु ल्याब स्थापना | आवश्यक साधन खरिद | १००००० | |
| | | | १९ | लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम | ३ वटा समुह | १०००००० | |
| | | | २० | लागत साझेदारीमा नयाँ कृषि अभियान सहकारी संस्था लिमिटेड | १ वटा सहकारी संस्था | २०००००० | |
| | | | २१ | बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट | वडा नं २ ५ र ६ गरी ३ वटा बाख्रा पकेट | १५००००० | |
| | | | २२ | बाख्रा प्रवर्द्धन कार्यक्रम | २२ वटा बाख्रा पालक समूहलाई उन्नत जातको ब्याडे बोका वितरण | ५००००० | |
| | | | जम्मा | | | ११८१३९९१ | |

**नाफामूलक संस्थालाई अनुदान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ४ नाफामूलक संस्थाको लागि रु ३३४००००।- अनुदान उपलब्ध गराएका छन् । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | श्री श्रृजनशिल लघुउद्धमि महिला समूह | अनुदान | ५००००० |
| २ | श्री नयाँ कृषि अभिया सहकारी संस्था लि. | पशु पालन | २०००००० |
| ३ | श्री त्रिवेणी सहकारी संस्था लि. | भवन निर्माण | ७००००० |
| ४ | गौरी शंकल बचट तथा ऋण स.स.लि. | भवन निर्माण | १४०००० |
| जम्मा | | | ३३४०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>अन्य निकाय खर्च – सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका प्रयोजनमा रु.६ लाख खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>फिक्कल फलफूल प्रशोधन केन्द्र</td><td>सामाग्री खरिद</td><td>५०००००</td></tr>
<tr><td>२</td><td>स्वतन्त्र युवा उद्यमशील संस्था</td><td>लोकसेवा तयारी कक्षा संचालन</td><td>१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रण<br>यस गाउँपालिकाको राजस्व आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>श्रोत लेखाङ्कन - पालिकाले राजस्वका सबै श्रोतहरु उचित तरिकाले लेखाङ्कन गर्नुपर्दछ । पालिकाले पालिका क्षेत्रभित्रको भवन, टहरा, जग्गा, पोखरी आदिको बहाल ,रोयल्टी वा लाइसेन्स वा यस्तै प्रकारका शुल्क, होर्डिङ्ग बोर्ड, पार्क लगायतबाट हुने शुल्क र अन्य सम्भाव्य आयका श्रोतहरुको लेखाङ्कन तथा अभिलेख गरेको पाइएन । राजस्वका सबै श्रोतहरु लेखाङ्कन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>आय अभिलेख - गाउँपालिकाले आय प्राप्तिका लागि भएका (बहाल, लाइसेन्स, शुल्क जस्ता) सम्झौताहरु उचित तरिकाले नराखेको, सम्झौताहरु अद्यावधिक पनि नभएको र अभिलेख पनि सही तरिकाले नराखिएको, आय प्राप्तिका लागि भएका (बहाल, लाइसेन्स, शुल्क जस्ता) सम्झौताहरु सुरक्षित तरिकाले नराखेको अवस्था देखिएको छ । पालिकाले आय प्राप्तीका कागजातहरु व्यवस्थित रुपमा राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>राजस्वा दाखिला - आर्थिक वर्ष २०७७।७८ मा यस गाउँपालिका अन्तर्गत वडा कार्यालयबाट संकलन भएको नगदी र मालपोत रसिदबाट उल्लेखित बढी दाखिला राजस्व किन भएको हो पुष्ट्याई गर्ने र घटी दाखिला भएको रु. ५८१७४।- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम १० प्रतिशत जरिवाना समेत रु. ६३९९१।- राजस्व खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं.</th><th>आम्दानी</th><th>दाखिला</th><th>बढी दाखिला</th><th>घटी दाखिला</th><th>दाखिला भौचर संख्या</th></tr>
<tr><td>१</td><td>२५७१२१.५</td><td>२६८०५३</td><td>१०९३१.५</td><td>0</td><td>७</td></tr>
<tr><td>२</td><td>१०८०३१</td><td>१३२१७१</td><td>२४१४०</td><td>0</td><td>३</td></tr>
</table></td><td>६३,९९१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | २७१७६५ | २६८०११ | ० | ३७५४ | ६ | |
| | | | ४ | २४४७८० | २४४२५५ | ० | ५२५ | ११ | |
| | | | ५ | २२१८८८.२५ | २२८०८७ | ६१९८ | 0 | ३ | |
| | | | ६ | १५६०८९ | १४६३४० | ० | ९७४९ | २ | |
| | | | गाउँपालिका | १०२८८६४ | ९९५२५३.६ | ० | ३३६१०.४ | १३० | |
| | | | नदीजन्य | १७२२०२६ | १७११४९० | ० | १०५३६ | २८ | |
| | | | एम्बुलेन्स (गाडी नं. ३८५५) | ३८११६० | ३८३५८० | २४२० | ० | २ | |
| | | | एम्बुलेन्स (गाडी नं. ५२२५) | ३७०१४० | ६२१२६७ | २५११२५ | ० | ८ | |
| | | | जम्मा | ४७६१८६४.७५ | ४९९८५०७.६ | २९४८१४.५ | ५८१७४.४ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.४ | | | **भूमि कर** – यस गाउँपालिकाको सातौं गाउँ सभाबाट स्वीकृत वार्षिक नीति, कार्यक्रम, बजेट तथा निर्णयहरु आ.व. २०७७।७८ को अनुसूची-१ मा गाउँपालिकाबाट लिईने भूमिकरको दर न्यूनतम रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तयार गरेको न्यूनतम मूल्यांकनको ०.०१ प्रतिशतका दरले मालपोत रकम कायम गरी मालपोत लिने व्यवस्था गरिकएकोमा नमूना परीक्षण गर्दा वडा नं. ३ ले देहाय बमोजिम भूमिकर असुली गर्दा नियमानुसार तोकिए बमोजिम राजस्व असूल गरेको पाइएन । पालिकाले भूमि कर असुली गर्दा बास्तविक आय गणना गरी भुमि कर असुल गर्नुपर्दछ । केही उदाहरणहरुः<br>रसिद नं. / क्षेत्रफल / उठेको रकम / उठ्नु पर्ने:<br>125 / 0-4-0-0 / 0.01 / 2.5<br>126 / 0-9-3-3 / 0.02 / 5.6<br>127 / 2-13-3-0 / 0.03 / 28.12<br>128 / 6-10-0-0 / 0.08 / 66.25<br>129 / 5-9-1-2 / 0.06 / 56.62<br>130 / 19-11-1-2 / 150 / 196.87 | |
| १३.५ | | | **रसिद नियन्त्रण खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद जारी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिदको छपाइ एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा यस पालिकाको जिन्सी खाता हेर्दा नगदी रसिद १२० र मालपोत रसिद १२० ठेली गरी जम्मा २४० ठेली आम्दानी बाढेको पाइयो सोही रसिद रसिद नियन्त्रण खातामा वडामा, एम्बुलेन्स र ढुङ्गा, गिट्टी बालुवामा प्रयोग भएको बाहेक ठेली आम्दानी बाढेको पाइएन । उक्त रसिद छपाई गरिएका कति देखि कतिसम्म रसिद नं. को रसिद ठेली छपाई गरियो सो यकिन गर्न सकिएन । पालिकाले लेखापरीक्षणका क्रममा मालपोत ४२ ठेली र नगदी ७५ ठेली मात्र पेश गरेको छ । नगदी ४५ र मालपोत ७८ गरी १२३ ठेली प्रयोग भएको भए आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम १० प्रतिशत जरिवाना समेत असुल गरी दाखिला गर्नुपर्ने अन्यथा खाली रसिद ठेली र.नं. सहित सबै रसिदको विवरण पेश गर्नुपर्दछ ।<br><br>**(क)** वडामा, एम्बुलेन्स र ढुङ्गा, गिट्टि बालुवाका लागि वितरण गरिएका रसिद नियन्त्रण खातामा आम्दानी बाढेका मध्ये वडा नं. ५ मा र.नं. ३३५१-३४००, एम्बुलेन्स ५२२५ मा र.नं. १३०१-१३५० र नदिजन्य आम्दानीमा र.नं. १०५१-१११ को ठेली रसिद नियन्त्रण खातमा नचढाई वितरण गरेको पाइएकोले राजश्व असूलीमा प्रयोग हुने रसिद उपयुक्त ढङ्गाबाट प्रयोग भएको सम्बन्धमा आश्वस्त हुने आधार भएन । यस सम्बन्धमा गम्भीर भई रसिदको प्रयोगलाई व्यवस्थित बनाईनुपर्दछ । | |
| १३.६ | | | **सूचना प्रविधि अभिलेख** - गाउँपालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियमा ५८ बमोजिम राजस्व दाखिला तथा राजस्वको लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले राजस्वको दर्ता र दर्ता खारेजी लगत,  राजस्व लगत, राजस्व निर्धारण अभिलेखहरु, सूचना प्रविधिमा आधारित अभिलेख राखेको अवस्थामा त्यसमा अद्यावधिकता नरहेको, आवश्यकता अनुसार मलेप फाराम नं १०१ देखि ११५ को प्रयोगको अवस्था अद्यावधिक रुपमा राखेको देखिएन । राजश्व अभिलेख अद्यावधिक रुपमा राख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.७ | | | ऐनको अधिकार अन्तर्गत जारी गरिएका नियम, निर्देशिका वा परिपत्रहरुहरुले आवश्यकता अनुसार नियमित रुपमा अद्यावधिक हुने नगरेको देखिन्छ । | |
| १४ | | | **खरिद व्यवस्थापन**<br>यस गाउँपालिकाको खरिद व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| १४.१ | | | **(क) सवारी साधन खरिद** – अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पाङ्ग्रे सवारि साधन खरिदमा रु. ९४८९००।- खर्च गरेका छन् ।<br>**(ख) डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| सि. .नं | योजनाको नाम | परामर्शदाताको नाम र ठेगाना | स्वीकृत रकम | खर्च रकम | योजनाको लंइ |
|---|---|---|---|---|---|
| 1 | स्वास्थ्य उपकरण सहित ल्याव स्थापना | हेल्थ टेक इन्जिनियरिङ्ग | 34996 | 34996 | 3000000 |
| 2 | Master & detailed Engineering Report Of Mahakali Devi Temple | phikkal Engineering associats | 397195 | 397195 | 0 |
| 3 | DPR Of Administrative Building | systematic Engineering associates (SEA) constancy pvt.ltd | 1186500 | 1186500 | 90337176.77 |
| 4 | गाउँपालिका क्षेत्रको सुनकोशी नदीको आसपासको वगर क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | लसकुश इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | 472210 | 472210 | 0 |
| 5 | सुनकोशी नदीमा मिशिने वहादुराखोला,साखरखोला जितुखोला निगुरेखोला वाक्सुखोला ढोडनी खोला सिदालीखोलाको वगर क्षेत्रबाट नदीजन्य पदार्थ प्रारम्भिक वातावरणिय पतिवेदन | आरम्भ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | 470080 | 470080 | 0 |
| 6 | गाउपालिका स्तरीय अस्पताल भवन निर्माणको विस्तृत अध्ययन प्रतिवेदन र ठेक्का कागजपत्र (डिजाइन,डौइङ्ग इष्टिमेट समेत ) | आर एस.एस. इन्जिनियरिङ्ग प्रा.लि. | 499,000 | 499,000 | 82279814.5 |
| 7 | DPR Of Homestay Building | | नखुलेको | नखुलेको | 17687757.9 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजना सि.नं. २ को कार्यान्वयनमा गएको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

**(ग) टुक्रा गरी खरिद** – सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकापालिकाले पालिकाको देहाय बमोजिमको निर्माण कार्य टुक्रा गरी रु ९३७६३४ को खरिद गरेको देखिन्छ । एउटै कार्यक्रमलाई टुक्रा गरी खरिद गर्ने व्यवस्थामा नियन्त्रण हुनुपर्दछ । कही उदाहरणहरुः

| सि नं. | भौ.नं. | योजनाको नाम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| १ | ३५१ | २ नं वडा कार्यालय प्रशासनिक भवन निर्माण | श्रीकृष्ण निर्माण सेवा | ४९८०३७ |
| २ | ३५० | २ नं वडा कार्यालय प्रशासनिक भवन निर्माण | सृजनशील निर्माण सेवा | ४३९५९७ |

**(ग १)** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय बमोजिमको मेशिनरी औजार तथा मसलन्द शीर्षकमा टुक्रा गरी रु को खरिद गरेको देखिन्छ । एउटै कार्यक्रमलाई टुक्रा गरी खरिद गर्ने व्यवस्थामा नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरुः

| सि नं. | खरिद विवरण | आपूर्तिकर्ताको नाम | भुक्तानी रकम | गो.भौ.नं. |
|---|---|---|---|---|
| १ | ल्यापटप तथा प्रिन्टर खरिद | प्राइम टेक्नोलोजी प्रा.लि. / प्रभुकिरण कम्प्युटर्स | ४५०८७० | ८४/२०७७-०७-२७ |
| २ | प्रिन्टर ल्यापटप तथा कार्टेज खरिद | जे.के ट्रेडर्स / सोलुसन स्टोर्स नेपाल प्रा.लि. | २६२६१४ | २८७/२०७८-०१-२४ |
| ३ | ल्यापटप खरिद | न्यु भिजन ट्रेडर्स | १४२०४१ | २२७/२०७७-१२-२७ |
| ४ | फर्निचर एण्ड फर्निसिङ खरिद | रितिक सप्लायर्स / एस.ए. फर्निचर एण्ड फर्निसिङ सप्लायर्स | ४८७६५१ | १८/२०७७-१२-१४ |
| ५ | फर्निचर एण्ड फर्निसिङ खरिद | एस.ए.फर्निचर एण्ड फर्निसिङ सप्लायर्स सहित ३ फर्मलाई | १५५१३७ | १८/२०७८-०३-२१ |
| ६ | फर्निचर एण्ड फर्निसिङ खरिद | इन्डोर इन्टेरियर्स फर्निचर उद्योग | ३७६५९५ | २२७/२०७८-०१-१४ |
| ७ | प्रिन्टर खरिद | ग्लोबल लिङ्क टेक्नोलोजी | ५२६५ | १६/२०७७-०६-०४ |
| ८ | प्रिन्टर तथा कम्प्युटर खरिद | न्यु भिजन ट्रेडर्स | २०७५०१ | ४६/२०७७-०९-२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ९ | | |
| | | | | ९ | | वेष्ट आइटी सोलुसन प्रा लि | ४१३३८ | ४६/२०७७-०९-२९ | | |
| | | | | १० | कार्यालय समाग्री | सिन्धु स्टेशनरी | १३२००० | १३३/२०७८-०२-११ | | |
| | | | | ११ | प्रिन्टर खरिद | सोलुसन स्टोर्स नेपाल प्रा लि | ७११९० | १८३/२०७८-०३-१२ | | |
| | | | | १२ | प्रिन्टर खरिद | जेके ट्रेडर्स | १८७२७० | २१५/२०७८-०३-२२ | | |
| | | | | १३ | कम्युटर खरिद | जेके ट्रेडर्स | ९३११२ | ३२२/२०७८-०३-३० | | |
| | | | | १४ | मसलन्द तथा कार्यालय सामाग्री | जेके ट्रेडर्स | ७३१७१ | ३२/२०७७-०७-०१ | | |
| | | | | १५ | | सिन्धुली अफसेट प्रेस | २०४७५८ | ३२/२०७७-०७-०१ | | |
| | | | | १६ | | किरण डेक्सटप | १५७६० | ३२/२०७७-०७-०१ | | |
| | | | | १७ | मसलन्द तथा कार्यालय सामाग्री | सिन्धु स्टेशनरी समेत विभिन्न | २५३९५० | ५२/२०७७-०७-२७ | | |
| | | | | १८ | मसलन्द तथा कार्यालय सामाग्री | सिन्धुली अफसेट प्रेस लगायत विभिन्न | २२६५५८ | १५८/२०७७-११-१९ | | |
| | | | | १९ | मसलन्द तथा कार्यालय सामाग्री | भरोसा ट्रेड एण्ड कमर्सियल प्रा लि | १०५७६७ | १८०/२०७७-१२-०४ | | |
| | | | | २० | मसलन्द तथा कार्यालय सामाग्री | सिन्धु स्टेसनरी | १६५००० | २५/२०७७-०७-२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | | |
| --- | --- | --- | --- | --- |
| | | | | ७ |
| २१ | मसलन्द तथा कार्यालय सामाग्री | सिन्धु स्टेसनरी | २२४३५० | २६२/२०७८-०३-२७ |
| २२ | फर्निचर खरिद | शिद्धबाबा स्टिल फर्निचर उद्योग | ३५६७४१ | २२/२०७८-०२-२५ |

**(घ) मूल्याङ्कन समिति** - फिक्कल गाउँपालिकाको सिलवन्दी दरभाउपत्र नं. FRM/Sindhuli/Goods/NCB/1/077-78 को राउन्ड टेबल, कार्पेट र कुशन आपूर्ति गर्न बोलपत्रको सूचना निकालिकोमा ३ वटा फर्म सजावट फर्निचर उद्योग, ललितपुर, इन्डोर इन्टेरियर्स फर्निचर उद्योग, का.म.न.पा. र लक्ष्मी इन्टेरियर्स फर्निचर उद्योग, ललितपुरलाई समावेश गरी तुलनात्मक मूल्याङ्कन चार्ट बनाइएको छ सो चार्टमा इन्डोर इन्टेरियर्स फर्निचर उद्योगको रु. १९४०४३३.४७ कबोजल अंकमा सम्झौता र भुक्तानी भएको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६६ बमोजिम सिलवन्दी दरभाउपत्रको निरीक्षण तथा मूल्याङ्कन गर्न मूल्याङ्कन समिति बसी दररेट पेश गरेका सबै फर्महरुको कागजात पुगे नपुगेको जाँच गरी समितिले नियमावलीमा भएको कम्तिमा ५ वटा अनुसूची तयार गरी मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा अनुसूची-२ मा भएको तुलनात्मक चार्ट मात्र पेश गरेको पाइयो । बाँकी चार वटा अनुसूची सहित मूल्याङ्कन समितिले मुल्याङक्र प्रतिवेदन पेश गरेको देखिएन । नियमावलीको परिपालना हुनुपर्दछ ।

**(ङ) खरिद मौज्दात** - पालिकाले बाल कक्षा १-३ संचालन हुने सबै विद्यालयहरुलाई व्यवस्थापन अनुदान दिनको लागि Indoor Interiors Furniture, Budhhanagar, KTM बाट बि.नं. ०७०-२०७८।२।३० मा चकटीको खोल सिलाई ज्याला तथा फिटिङ्ग सहित १५९६ थान रु. २३०।- का दरले रु. ४१४८००।- (मू.अ.कर समेत) र बि.नं. ०७१-२०७८।३।३ मा राउण्ड टेबुल २६६ थान रु. ३९८०।- का दरले रु. १०५८६८०।- र कुशन १०५६ थान रु. ३०८।- का दरले रु. ३२५२४८।- गरी जम्मा रु. १९७८६३८।- (मू.अ.कर समेत) को खरिद गरेकोमा राउण्ड टेबल १५६ वटा र कुसन १०१२ वटा मात्र वितरण भरपरई पेश भएको छ । विद्यालयको माग बेगर अनावश्यक रुपमा खरिद गरी बाँकी सामाग्रि वितरण नभई मौज्दातमा रहेको छ । मौज्दातमा रहेका केही सामाग्री पुराना हुने, ड्यामेज हुने भएकोले वितरण गर्न बाँकी चकटीको खोल १५९६ थानको रु. ४१४८००।- (मू.अ.कर समेत), राउण्ड टेबुल ११० थानको रु. ४९४७१४।- (मू.अ.कर समेत) र कुसन ४४ थानको रु. १५३१३।- (मू.अ.कर समेत) गरी जम्मा रु. ९२४८२७।- को विद्यालयलाई वितरण नगरी मौज्दात नै रहेको देखिन्छ । आवश्यकताका आधारमा मात्र खरिद गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | **नर्म्सको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी भए त्यस्तो नर्म्स बमोजिम त्यस्तो नर्म्स नभएको अवस्थामा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । नर्म्सको प्रयोग गर्दा सकेसम्म किफायती नर्म्स प्रयोग गरी सरकारी स्रोत साधनको मितव्ययी प्रयोग गरिनु पर्दछ । गाउँपालिकाले उपभोक्ता समितिमार्फत संचालन गरी निर्माण कार्यमा डोलिडारको नर्म्स प्रयोग गरेको पाइयो । दर विश्लेषणलाई आधार मान्दा डोलिडारको भन्दा त्यही कार्यमा प्रयोग हुने सडक विभागको नर्म्स किफायती देखिन्छ । सडकको नर्म्स प्रयोग नगरी सोही अनुसार मूल्याङ्कन एवं कार्यसम्पादन प्रतिवेदन तयारका आधारमा भुक्तानी खर्च लेखेको देखिन्छ । नर्म्स प्रयोग गर्दा सस्तो एवं किफायती नर्म्स प्रयोग गर्नुपर्दछ । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा किफायती नर्म्स प्रयोग नगरी बढी दरलको नर्म्सको आधारमा ल.ई. एवं कार्यसम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई भुक्तानी भएको पालिकालाई थप आर्थिक व्ययभार पर्न गएको केही उदाहरणहरु: | |

| सि. नं. | योजनाको नाम | कामको विवरण | डोलिडारको नर्म्स अनुसारको दर | सडकको नर्म्स अनुसारको दर | फरक | ढुवानी कटाइ कायम दर | काम को परिणाम | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | मदन आश्रित प्रतिष्ठान निर्माण | PCC M20 (1:1.5:3) For RCC works | 15171.8 | 12300.25467 | 2871.545333 | 0 | 57 | 187176 |
| २ | ३ नं वडा कार्यालय प्रशासनिक भवन निर्माण | Brick Masonry Work (1:4 c/s Mortar) | 16249.6 | 16055.632 | 193.968 | 0 | 25.39 | 4924 |
| ३ | रचनेथाम खेल मैदान निर्माण | Earthwork in Excavation for Foundation of Sturucture in oridinary soil | 772.5 | 700 | 72.5 | 0 | 377 | 27332 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.३ | | | **पूर्व निर्धारिन क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौतामा तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले प्रतिदिन सम्झौता रकमको ०.०५ पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले नागथान देउकी डाँडा भञ्ज्याङ्ग भेडी खोर सडक निर्माण कार्यमा निर्माण व्यवसायी वाम्बुले कन्स्ट्रकसनसँग मिति २०७८।३।१५ भित्र सम्पन्न गर्नुपर्ने गरी गरेको सम्झौताको प्रावधान अनुसार पालिकाले BOQ का आधारमा भुक्तानी गरेको तर सम्पन्न मिति नखुलेको उक्त योजनाको निर्माण व्यवसायिको २०७८।३।३० को कार्य सम्पन्न भएको निवेदन र २०७८।३।३० को अन्तिम विजक जारी मितिका आधार लिदा १४ दिन ढिलो गरी कार्य सम्पन्न भएकोले प्रतिदिन ०.०५ प्रतिशत का दरले १४ दिनको रु. ५२४१८।- निर्माण व्यवसायीबाट असुल गरी प्रदेश संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | ५२,४१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.४ | | | **(क) कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण कार्य आपूर्ति माल सामान तथा सेवा स्वीकार गर्दा र निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको प्रमाणिकरण र कार्य स्वीकार प्रतिवेदन संलग्न गरेको पाइएन । नियमावलीको पालना हुनुपर्दछ ।<br>**(ख) गुणस्तर परीक्षण** - सार्वजानिक निकायले निर्माण खरिद सम्झौता कार्यन्वयन गर्दा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्छ । पालिकाले यस बर्ष सञ्चालन गरेका सार्वजनिक खरिद व्यवस्थापन अन्तर्गतका समान आपूर्ति मालसमानहरु प्राप्ती गर्दा कार्यान्वियन गुणस्तर परिक्षण गरेको देखिएन। पालिकाले खरिद सम्झौता कार्यान्वियन गर्दा गुणस्तर परीक्षण तथा प्रतिवेदन गरी संचालित कार्यको विश्वासनियता अभिवृद्धि गर्नुपर्दछ ।<br>**(ग) सार्वजनिक परीक्षण र सुनुवाई** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरेको पाइएन। नियममा तोकिएको व्यवस्थाको परिपालना गरी सञ्चालित योजना तथा कार्यक्रमको र सेवा प्रवाहको प्रभावकारितामा जिम्मेवारी तथा जवाफदेहिता बहन गर्नुपर्दछ । | |
| १५ | | | **पदाधिकारी सुविधा र विविध खर्च** | |
| १५.१ | | | **पदाधिकारी सुविधा –** बागमती प्रदेश अन्तर्गत स्थगानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची-१ मा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले संचारमा रु. ५६४०००।-, यातायातमा रु. ६६००००।-, पत्र पत्रिकामा रु. ४३२०००।-, खाजामा रु. ८०४०००।-, समन्वयमा रु. ८८८०००।-, खानेपानी बिजुली महसुलमा रु. २८८०००।- सरसफाई मर्मतमा रु. २०४०००।- अतिथि सत्कारमा रु. ९६००००।- र पदाधिकारी बैठक भत्तामा रु. ३५६२२३।- र अन्य सुविधामा रु. १५०००००।- समेत रु. ५२०६२२३।- खर्च लेखेको देखिन्छ । | |
| १५.२ | | | **विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु ४०७३४६१।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १६ | | | **शिक्षा**<br>यस गाउँपालिकाको शिक्षा तर्फ देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| १६.१ | | | **विद्यालय शिक्षक तलब भत्ता अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई राजश्व बाडफाडबाट ५४ विद्यालयहरुलाई रु १४०५५०१३।- तलब भत्ता भुक्तानी गरेको पाइयो ।<br>**पाठ्यपुस्तक अनुदान** - ४२६-२०७८।३।३० गाउँपालिकाले कक्षा १,२,३ को अंग्रेजी माध्यमको गणित पाठ्यपुस्तक वापत ५४ विद्यालयलाई रु. ३१७६५३।- भुक्तानी दिएको देखिन्छ । यस्तो निकासा संघीय सशर्त अनुदानबाट समेत गएकोले दोहोरो परे नपरेको सम्बन्धमा यकिन हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.२ | | | **दिवा खाजा** – लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार पालिका अन्तर्गत यस वर्ष विद्यालय खुलेको दिन जम्मा १२३ रहेको देखिन्छ । वार्षिक विद्यालय खुल्ने दिनको गणना गर्दा २२० दिनमा १२३ दिन विद्यालय खुल्दा निम्नानुसारका विद्यायहरुलाई विद्यालय खुलेको भन्दा बढी दिनको दिवा खाजा वापतर रु. ६६७०।- भुक्तानी भएको देखिन्छ । बढी भुक्तानी रकम असुल गरी संघीय संचित कोष खातामा दाखिला हुनुपर्ने रु.<br><br>सि.नं. \| विद्यालयको नाम \| रकम<br>१ \| श्री आ.वि तिम खण्डे राहँगाउ \| २०१०<br>२ \| श्री कालिका प्रा.वि. नक्ला \| ४६६०<br>जम्मा \| ६६७० | ६,६७० |
| १६.३ | २८५ | २०७८-४-२९ | **कार्य सम्पन्न प्रतिवेदन** - गाँउ कार्यपालिकाको २०७८।३।२९ को निर्णयानुसार श्री मा.वि. लुम्तीलाई एकमुष्ठ रुपमा रु. ५ लाख अनुदान निकासा दिएको देखिन्छ । विद्यालयको २०७८।३।२९ को सम्झौता बमोजिम बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदन पालिकामा अनिवार्य रुपमा पेश हुनुपर्ने उल्लेख छ । सम्झौता बमोजिम बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु. | ५००,००० |
| १६.४ | | | **विद्यालय निकासा**- पालिकाले ५४ वटा विद्यालयलाई जम्मा पाउने रकम रु. २९७०८११ को ९० प्रतिशतले रु. २६७३७३० (७ वटा उ.मा.वि.लाई पुस्तकालय अनुदान रु. ५०००० बाहेक) भुक्तानी दिएकोमा विद्यालयको बिल भरपाई अनुसार भुक्तानी गर्दा थप रु. ६४२५३९ (रु. ३१७६५३ गाउँपालिकाको अनुदान समेत) भुक्तानी भयो । सो रकमबाट गाउँपालिकाको अनुदान घटाउदा रु. ३२४८८६ संघीय रकम भुक्तानी भएको देखिन्छ जुन पाउने रकमको १० प्रतिशतले बाँकी रु २९७०८१ भन्दा रु. २७८०५ बढी भुक्तानी भएको रकम पालिकाले यकिन गरी असुल गर्नुपर्ने रु. | २७,८०५ |
| १६.५ | | | **राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम** – राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विधालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि संघीय सशर्त अनुदान कार्यक्रमबाट विभिन्न ८ विद्यालयहरुका लागि गाउँपालिकाबाट रु. ५२५०००० भुक्तानी भएको देखिन्छ । गाउापालिका र विद्यालयहरुको सम्झौता बमोजिम प्रगति प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख भएकोमा विद्यालयहरुले कार्यक्रमको प्रगति प्रतिवेदन पेश गरेको देखिएन । सम्झौता बमोजिम विद्यालयहरुले कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **पेश्की**<br>गाउँपालिकाले पेश गरेको वित्तीय प्रतिवेदन म.ले.फा.नं. २७२ को अनुसूची-२३ र सो को अभिलेख अनुसार पालिकाको कुल हाल सम्मको पेश्की बाँकी रु. ४७९८२१४।- देखिएको छ । उक्त पेश्की बँकी मध्ये गत विगत वर्षको रु. ७०३०४४।- र चालु आर्थिक वर्षको रु. ३५९५१७०।- देखिन्छ ।चालु आर्थिक वर्षको पेश्की मध्ये म्याद ननाघेको देहाय बमोजिमको रु. ३५९५१७०।- नियमानुसार असुल फस्र्यौट हुनुपर्दछ ।<br><br>सि.नं. / पेश्की विवरण / रकम<br>१ / तामाङ्ग मरिण कन्स्ट्रक्सन प्रा.ली. / ८६०९८०<br>२ / सुदिप विल्डर्स प्रा.ली. / १०३५०६७<br>३ / जलकेनी धाक्ले झो.पु.नि.प्रा.ली. / ६०९२८६<br>४ / कमलडाडा गैरी झो.पु.नि.उ.स / ६०००००<br>५ / सोलु खोला चापँगर झो.पु. नि.उ.स / ४८९८३७<br>जम्मा / ३५९५१७०<br><br>(क) उल्लिखित संघीय सशर्त कार्यक्रम तर्फको पेश्की सि.नं. ३,४,५ को झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिको रु. १६९९१२३।- पालिकाले २०७८।३।२५ मा सम्झौता गरी बजेट फ्रिज नगराउने उद्देश्यले २०७८।३।३० मा पेश्की दिएको उपयुक्त देखिएन । | |
| १८ | | | **विपद तथा कोभिड-१९ व्यवस्गथापन**<br>यस गाउँपालिकाको विपद तथा कोभिड-१९ व्यवस्गथापन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| १८.१ | | | आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण<br><br>निम्नानुसार रहेको छः<br><br>**आम्दानी स्रोत** / **रकम रु** / **खर्च शिर्षक** / **रकम रु**<br>गत बर्षको बाँकी समेत स्थानीय तहको आफ्नै बजेटबाट / ८१६०९८३ / क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन / ३१८०५७<br>संघीय कोभिड कोषवाट / ० / औषधि एवं स्वास्थ्य उपकरण खरिद / १२८००६७<br>प्रदेश कोभिड कोषवाट / १५००००० / आइसोलेसन केन्द्र निर्माण / ५४३८६८ | ५००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अन्य स्रोतबाट</td><td>०</td><td>स्वास्थ्य पूर्वाधार निर्माण</td><td>२१३४९०६</td></tr>
<tr><td></td><td></td><td>जनशक्ति परिचालन</td><td>२८३१०९</td></tr>
<tr><td></td><td></td><td>राहत वितरण</td><td>३५४४२०</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>४१३५६७२</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>६१९८८४</td></tr>
<tr><td>जम्मा</td><td>९६६०९८३</td><td>जम्मा</td><td>९६६०९८३</td></tr>
</table>
<ul>
<li>पालिकाबाट माक्स सेनिटाइजर समेतका रु. १२८००६७।- का औषधि एवं स्वास्थ्य उपकरण तथा समाग्रीहरु सोझै खरिद विधि अपनाई खरिद गरेको देखिन्छ ।</li>
<li>पालिकाबाट १ स्वास्थ्य कर्मी र ११ सुरक्षा कर्मी समेत १२ जनालाई रु. २३१४२२ जोखिम भत्ता वापत खर्च लेखेको देखिएको छ ।</li>
<li>पालिकाबाट २ स्थानमा २० वेड संख्याको क्वारेन्टाइन स्थापना गरेकोमा दैनिक रुपमा ५ जना र कूल संख्या १५ जना रहेकोमा सो को व्यवस्थापन वापन रु. ३१८०५७ खर्च भएको देखिन्छ ।</li>
<li>पालिकाबाट १ स्थानमा २० वेड संख्याको आइसोलेसन केन्द्र स्थापना भएकोमा दैनिक रुपमा ७ जना र कूल ७१ जना केन्द्रमा रहेकोमा सो व्यवस्थापन मा रु. ५४३८६८ खर्च भएको देखिन्छ ।</li>
<li>गाउँपालिकाबाट काउली, बन्दा सिमि लगायतका तरकारी जन्य बिउ बिजनमा राहत स्वरुप रु. ३४५४२० खरिद गरि कृषकहरुलाई वितरण गरेको देखिन्छ ।</li>
<li>पालिका अन्तर्गत ३ सदस्यीय सि.आई.सि.टी टिम एक गठन भएकोमा खोज पड्ताल गरीएको केश संख्या ११७३ र खोज पड्तालबाट पहिचान भएका संक्रमित संख्या ३५३ रहेको विवरणबाट देखिन्छ ।</li>
<li>पालिका अन्तर्गत अस्थायी कोभिड-१९ डेडिकेटेड अस्पतालमा ४ जना दरबन्दी रहेकोमा करारबाट ४ जना नै पदपूर्ति भएको विवरणबाट देखिएको छ ।</li>
</ul>
लेखापरीक्षण नभएको - गाउँपालिकाले स्वास्थ्य पूर्वाधार निर्माण तर्फको खर्च रकम रु. २१३४९०६।- मध्ये आइशोलेसन भवन निर्माण उपभोक्ता समिति सिन्धुलीलाई जि.स.स.को समन्वयमा अनुदान सहयोग वापत रु. ५०००००।- भुक्तानी खर्च लेखेको छ । सो रकमको लेखापरीक्षण नभएको रु.
</td><td></td></tr>
<tr><td>१८.२</td><td>२५</td><td>२०७८-३-६</td><td>पेश्की - औषधि खरिदको लागि लेखनाथ फुयाललाई रु. ५०००००।- पेश्की दिएको देखिन्छ । उक्त पेश्की रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९ बमोजिम असुल फर्स्यौट हुनुपर्ने रु.</td><td>५००,०००</td></tr>
<tr><td>१८.३</td><td></td><td></td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्नुपर्नेमा सो गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८.४</td><td></td><td></td><td>समिति- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा ३० जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले १७ सदस्यीय समिति गठन भएको पाइयो । ऐनमा तोकिएबमोजिम काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १८.५ | | | **कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ९६६०९८३ आम्दानी भई रु. ९०४१०९९ खर्च गरी बाँकी रु. ६१९८८४ देखिन्छ । पालिकाले खर्च मध्ये रु. ४०००००० रकमान्तर गरी चालु खर्च गरेको देखिन्छ । नियममा तोकिए बमोजिम कोषको सञ्चालन सम्बन्धी व्यवस्थाको नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १८.६ | | | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १९ | | | **आन्तरिक आय**<br>यस गाउँपालिकाको आन्तरिक आय सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| १९.१ | | | **ढुङ्गा गिट्टी बालुवा उत्खनन्** - प्रदेश आर्थिक ऐन, २०७७ को दफा ९(५) मा तोकीएको दरमा ढुङ्गा गिट्टी वालुवा उत्खन्न तथा बिक्री वितरणबाट कर संकलन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पालिका क्षेत्रभित्रका खोलाहरु र सुनकोशी किनारबाट ढुङ्गा गिट्टी बालुवा एवं रोडाको उत्खनन् संकलन तथा बिक्री कार्यको लागि २०७७।१२।२४ मा बोलपत्रको सूचना प्रकाशन गरेकोमा २ वटा बोलपत्र बिक्री मध्ये १ मात्र प्रस्ताव पेश भएको देखिन्छ । सो प्रस्ताव पेश गर्ने पहाडी निर्माण सेवा सिन्धुलीको कबोल अंक रु. १६८५०००।- मा २०७८।१।३ देखि २०७८ जेष्ठ मसान्त सम्म ठेक्काको कार्य गर्ने गरी पालिकासँग २०७८।१।३ मा कबुलियतनामा गरेको देखियो । (क) कबुलियतनामा बमोजिम निर्माण व्यवसायीले उत्खनन् परीमाण तथा बिक्री वितरण परीमाण समेतको प्रतिवेदन अर्धकट्टी रसीदमा समेत पालिकामा पशे गर्नुपर्नेमा सो भए गरेको देखिएन । (ख) निर्माण व्यवसायीले पालिकालाई बुझाउनुपर्ने रकम २०७८।३।१४ मा रु. ४२१२९०।- र २०७८।५।२३ र ६।४ मा गरी रु. ८०९०००।- समेत जम्मा रु. १२३०२९०।- राजस्व खातामा दाखिला भएकोमा मिति २०७८।८।१५ मा रु. २२००००।- मू.अ.कर दाखीला भएको देखिन्छ । (ग) सो ठेक्कामा मिति २०७८।२।१४ मा निर्माण सेवाको लकडाउनका कारण व्यवसायमा छुट दिने निवेदन र गाउँसभाको मिति २०७८।३।६ को निर्णयानुसार मू.अ.कर वाहेकको सम्झौता रु. १६८५०००।- को ४० प्रतिशतले हुने रु. ६७४०००।- कर छुट मिन्हा दिएको देखियो । पालिकाले सम्झौता विपरीत कर छुट मिन्हा दिएकोले पालिकालाई आय नोक्सानी पर्न गएको रु. | ६७४,००० |
| १९.२ | | | **असुली गर्न बाँकी आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा कार्की विल्डर्सबाट रु १९७४३५८।- असुल गर्ने बाँकी रहेको छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जाना समेत यकिन गरी असुल गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>(क) कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>घर बहाल कर</td><td>१०००००</td><td>६००००</td><td>६०</td></tr>
<tr><td>बहाल बिटौरी कर</td><td>५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>कृषि जन्य कर</td><td>५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>अन्य कर</td><td>१०००००</td><td>०</td><td>०</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिएको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.४</td><td></td><td></td><td>रसिद फिर्ता नभएको - गाउँपालिकाको ढुङ्गा, गिट्टी बालुवाको नगद संकलन गर्नको लागि बुझी लगेको र.नं. ३८०१-३८५० सम्मको रसीद फिर्ता भएको नदेखिएकोले पालिकाले असुल गर्दै आएको प्रति रसिदको अधिकतम रु. २५८५ ले संकलन हुने रु. १२९२५० देखिन्छ । तसर्थ उकेत रसीद प्याड प्राप्त गरी संकलन भएको वास्तविक रकममा ढिला दाखिला वापत नियमानुसार जरिवाना समेत असुल गर्नुपर्ने देखिन्छ । प्याड प्राप्त नभएको वास्तविक अवस्थामा अधिकतम रकम गणाना गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम १० प्रतिशत जरिवाना समेत रु. १४२१७५ थप गरी असुल हुनुपर्ने रु. (क) पालिकाको भनाई अनुसार एम्बुलेन्स गाडी नं. ५२२५ मा ३ वटा ठेली बुझी लगेकोमा र.नं. ३१०१-३१५० र र.नं. १३०१-१३५० मात्र पेश भएको छ । यस एम्बुलेन्सको रु. ३७०१४० मात्र आम्दानी देखिएको छ तर बैंक दाखिला भौचर रु. ६२१२६७ भएकोले पेश नभएको र.नं. २९०१-२९५० बाट कटी आम्दानी भएको भनि यकिन गर्न सकिएन । सो रसिदबाट उठेको वास्तविक आम्दानी यकिन गरी घटी भएको अवस्थामा अधिकतम रकम गणाना गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम १० प्रतिशत जरिवाना समेत असुल गर्नुपर्दछ ।</td><td>१४२,१७५</td></tr>
<tr><td>१९.५</td><td></td><td></td><td>अमानतबाट कर संकलन – गाउँपालिकाले गाउ कार्यपालिकाको निर्णयानुसार नगर प्रहरी १ जना र स्थानीय व्यक्तिहरु सन्दिव बराल र धार्के राई सँग दैनिक ज्यालादारीमा सम्झौता गरी यस वर्ष रु. ४५५७२५।- राजश्व संकलन भएको राजस्व खातामा विवरणबाट दाखिला भएको देखिएको छ । उक्त राजस्व संकलन गर्न रु. १५४७७७।- खर्च लेखेकोमा आम्दानी रसिदमा बालुवा गिट्टी उल्लेख गरेको तर परिमाण खुलेको छैन । पालिकाले उक्त संकलित रकम रु. ४५५७२५।- को मू.अ.कर ऐन २०५२ अनुसार १३ प्रतिशत का दरले हुने मू.अ.कर रु. ५९२४४।- दाखिला नगरेकोले मू.अ.कर दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>५९,२४४</td></tr>
<tr><td>१९.६</td><td></td><td></td><td>रकम ढिला दाखिला गर्ने - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिका स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले वर्षमा २/३ पल्ट मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.७ | | | **गिट्टी, ढुंगा, बालुवाको कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेशस्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७७ को दफा ९ मा संघीय कानूनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७७ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रीबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने व्यवस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरीत देखिन्छ । पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रीबाट यसबर्ष रु ३७०६१२८।- राजस्व प्राप्त गरेकोमा रु.१३३८१६३।- प्रदेशसंचितकोष र रु. २०४७०७४।- स्थानीय संचितकोषमा देखिएको छ । गिट्टी ढुंगा बालुवा बिक्रीबाट प्राप्त हुने राजस्व उत्पत्तिको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने वातावरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानून तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानूनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| २० | | | **सोझै खरिद**<br>यस गाउँपालिकाको सोझै खरिद सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |
| २०.१ | | | **औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.२०५००६७।- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्:<br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>• आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको<br>• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ठ घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २०.२ | १७४ | २०७८-३-१० | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनको लागि सामाग्री खरिद गर्दा इकोकनेक्ट प्रा.लि. सँग रु. ९४५१६८।- मा सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु. | ९४५,१६८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>ठेक्का व्यवस्थापन<br>यस गाउँपालिकाको ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>लागत अनुमान – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा बोलपत्र आह्वान गरी खरिद गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने दफा ९ र २७ मा बोलपत्र स्वीकृत र खरिद सम्झौता गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष सूचना प्रविधिको प्रयोग गरी स्वीकृत भएको ठेक्कामा बोलपत्रदाताले लागत अनुमानको तुलनामा ३३.४१ देखि ६१.२३ प्रतिशतसम्म घटीमा काम गर्ने गरी ठेक्का कबोल गरेको देखिन्छ । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहायबमोजिमको ठेक्का व्यवस्थापनमा लागत अनुमान तयार गरी स्वीकृत गरेको केही योजना तथा सम्झौताको अवस्था परीक्षण गर्दा लागत अनुमानको तुलनामा घटीमा गरेको कार्यको गुणस्तर र परिमाणमा कार्य भएको सम्बन्धमा यकिन गर्न सकिएन । ठेक्का व्यवस्था गरी भएको कार्यमा गुणस्तर परिमाण सुनिश्चित हुनुपर्दछ । केही उदाहरणहरुः
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायीको नाम</th><th>लगत ईष्टिमेट</th><th>सम्झौता रकम</th><th>लागत अनुमानको तुलनामा घटी प्रतिशत</th></tr>
<tr><td>१</td><td>पोखरी-लुम्ती-खोलागाउँ-पाथिभरा-दमार सडक स्तरोन्नति</td><td>तामाङ्ग मरिण कन्सट्रक्सन प्रा लि</td><td>१९३१८०६८</td><td>८६०९८०८</td><td>५५.४३</td></tr>
<tr><td>२</td><td>फिक्कल अस्पताल निर्माण</td><td>आर्शिबाद निर्माण सेवा प्रा लि</td><td>८२२७९८१४</td><td>५४७८२१५२</td><td>३३.४१</td></tr>
<tr><td>३</td><td>नागथान-देउकीडाडा-भज्याङ्ग भेडिखोर सडक निर्माण</td><td>बाम्बुले कन्सट्रक्सन प्रा लि</td><td>१९३१८३२८</td><td>७४८८३१३</td><td>६१.२३</td></tr>
<tr><td>४</td><td>भदौरे ढोडेनी सडक स्तरोन्नति</td><td>देवीरमण कन्सट्रक्सन प्रा लि</td><td>२०८१९२३५</td><td>११९९०४९२</td><td>४२.४</td></tr>
<tr><td>५</td><td>रत्नावती स्वास्थ्य चौकी भवन निर्माण</td><td>लामाबुद्ध निर्माण तथा सामाग्री सप्लायर्स</td><td>१४९३८२७५</td><td>८९०७९८५</td><td>४०.३६</td></tr>
<tr><td>६</td><td>खाङसाङ स्वास्थ्य चौकी भवन निर्माण</td><td>लामाबुद्ध निर्माण तथा सामाग्री सप्लायर्स</td><td>१४९३८२७५</td><td>८९०५३९५</td><td>४०.३८</td></tr>
<tr><td>७</td><td>भदौरे ढोडेनी सडक स्तरोन्नति</td><td>डि सी कन्सट्रक्सन प्रा लि</td><td>८५४२८५९</td><td>५००७९६२</td><td>४१.३७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>नागथान-देउकीडाडा-भज्याङ्ग भेडिखोर सडक निर्माण</td><td>हिमानी काव्य कन्सट्रक्सन सेवा प्रा लि</td><td>११४५०२५३</td><td>६४९३२९५</td><td>४३.२९</td></tr>
<tr><td>९</td><td>पोखरी-लुम्ती-खोलागाउँ-पाथिभरा-दमार सडक स्तरोन्नति</td><td>सुदीप विल्डर्स प्रा लि</td><td>१०६२०७२३</td><td>४१४४९३३</td><td>५७.६८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>फिक्कल अस्पताल निर्माण – गाउँपालिकाको एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत फिक्कल अस्पताल निर्माणकोप लागी कार्यपालिकाबाट स्वीकृति ल.ई. रु. ८२२७९८१४.५० (मू.अ.कर समेत) मा घटी कबोल दाता आशिर्बाद निर्माण सेवा प्रा.ली. उदयपुरको कबोल अंक रु. ५४७८२१५२ (म.अ.कर समेत) मा २०८०।१।३ मा कार्य सम्पन्न गर्ने गरी २०७८।१।१४ मा सम्झौता भएको देखिन्छ । अस्पताल निर्माणको लागी शुरु सूचना २०७७।९।२९ मा प्रकाशन भएकोमा २०७७।१०।२९ मा BOQ आइटम नं. २१ मा इकाई ९१ हुनुपर्नेमा cum भएको उल्लेख गरी पालिकाबाट सूचना जारी भएको देखियो । क्रमागत रुपमा रहेको अस्पताल निर्माणको लागी रु. ७९३१६१० पेश्की भुक्तानी भएकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) बमोजिम कार्य सम्पादन जमानत मान्य अवधि २०८१।२।१३ सम्म हुनुपर्नेमा २०८०।१।११ सम्म मात्र कायम रहेकोले मान्य अवधि रहेको रु. १०३२००००।- को कार्य सम्पादन जमानत थप गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१०,३२०,०००</td></tr>
<tr><td>२१.३</td><td></td><td></td><td>वडा नं. ४ र ६ स्वास्थ्य चौकी भवन निर्माण – गाउँपालिकाको संघीय विशेष अनुदान कार्यक्रम अन्तर्गत वडा नं. ४ र ६ स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि अलग अलग ल.ई. रु. १४९३८२७५।- कायम गरी दुबै निर्माण कार्यको लागी कबोलदाता लामा बुद्ध निर्माण तथा सामग्री सप्लायर्स काठमाडौँसँग वडा नं. ६ को लागि रु. ८९०७९५३।- र वडा नं. ४ को लागी रु. ८९०५३९५ मा दुबैको म्याद थप समेत २०७८।१२।३० मा सम्पन्न हुने गरी २०७८।११।२५ मा सम्झौता गरेको देखिन्छ । दुबै योजना २०७८।३।२५ मा सम्पन्न गर्नुपर्ने म्याद थप गरी क्रमागत रुपमा रहेका सम्झौता बमोजिम सम्पन्न हुन नसकि म्याद थप गरी क्रमागत रुपमा रहेका दुबै योजनाको वडा नं. ६ को रु. १३३६६१६।- र वडा नं. ४ को रु. १३३३६०९।- भुक्तानी भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम कार्य सम्पादन जमानत २०८०।१।३० सम्म हुनुपर्नेमा २०७९।७।३० सम्म मात्र रहेकोले वडा नं. ६ को PBG रु. २३४१०००।- र वडा नं. ४ को रु. २३४२०००।- समेत रु. ४६८३०००।- को कार्य सम्पादन जमानत थप गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>४,६८३,०००</td></tr>
<tr><td>२१.४</td><td></td><td></td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदियत्व नियमावली, २०७७ अनुसार भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले नागथान देउकी डाँडा भञ्ज्याङ्ग भेडी खोर सडक निर्माण कार्यको लागि नाम्बुले कन्स्ट्रक्सनको BOQ का आधारमा रु. ७४८५१५८ को कार्य सम्पन्न भएको देखिएकोले भौ.नं ३०० र ४८५ बाट रु. ७४९५२४२ भुक्तानी भएको देखिन्छ । कार्यसम्पादन अंक भन्दा रु. १००८५ ले बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल गरी प्रदेश संचित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>१०,०८५</td></tr>
<tr><td>२१.५</td><td></td><td></td><td>मू.अ.कर समायोजन - आर्थिक ऐन, २०७७ बमोजिम ठेक्का वा सम्झौताको भुक्तानी गर्दा ३० प्रतिशत मू.अ.कर कट्टी गरी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले पोखरी-लुम्ती-खोलागाउँ दमार सडक योजनाको भौ.नं. २९९-२०७८।२।२३ मा तामाङ्ग मरिण कन्स्ट्रक्सनको भुक्तानी रु. २७२३१८७।- मा मू.अ.कर रु. ३१३२८७।- को ३० प्रतिशतले हुने रु. ९३९८६।- कट्टी नगरेकोले मू.अ.कर समायोजन पेश हुनुपर्ने रु.<br>(क) पालिकाले नागथान देउराली डाँडा भञ्ज्याङ भेडी खोर सडक निर्माण योजनामा नाम्बुले कन्स्ट्रक्सन (६०६८४६९९४) को प्रथम रनिङ्ग बिल भुक्तानी रु. ३५८३४१३।- मध्ये मू.अ.कर रु. ४१२२५१।- को ३० प्रतिशतले हुने रु. १२३६७५।- कट्टी नगरी सम्बन्धित कन्स्ट्रक्सनलाई नै भुक्तानी गरेकोले मू.अ.कर वापतको भुक्तानी रु. १२३६७५।- को मू.अ.कर वापतको भुक्तानी रु. १२३६७५।- को मू.अ.कर समायोजन पेश हुनुपर्ने रु.</td><td>२१७,६६१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.६ | | | **म्याद थप** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था सम्बन्धित खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले गाउँसभाको २०७८।३।२५ को निर्णयानुसार आ.व. २०७७।७८ को अन्त्य सम्ममा सम्झौता भए बमोजिमको कार्य सम्पन्न हुन नसकेको र निर्माण कार्य चालु अवस्थामा रहिरहेको उल्लेख गरी २०७८ पौष मसान्तसम्म एकमुष्ठ रुपमा म्याद थप गरेको देखिन्छ ।<br><br>सि.नं. / योजनाको नाम / सम्पन्न हुनुपर्ने अवधि / म्याद थप अवधि<br>१ / भदौरे-दोडेनी सडक स्तरोन्नति / २०७८।३।३० / २०७८ पौष मसान्त<br>२ / पोखरी लुम्ती-खोलागाउँ चमौरे पाथीभरा सडक स्तरोन्नति / २०७८।३।३० / २०७८ पौष मसान्त<br>३ / खाङसाङ्ग स्वास्थ्य चौकी भवन निर्माण / २०७८।३।३० / २०७८ चैत्र मसान्त<br>४ / रखावती स्वास्थ्य चौकी भवन निर्माण / २०७८।३।३० / २०७८ चैत्र मसान्त | |
| २१.७ | | | **पोखरी-लुम्ती-खोलागाउँ-दमार सडक** – गाउँपालिकाको प्रदेश समपूरक कार्यक्रम अन्तर्गत पोखरी-लुम्ती-खोलागाँउ-चनौटे पाथीभारा-दमार सडक स्तरोन्नती गर्ने कार्यको लागि ल.ई. रु. १९३१८०६।- (मू.अ.कर बाहेक) घटी कबोल गर्ने तामाङ्ग मरिन कन्स्ट्रक्सन प्रा.ली.ले २०७८।३।३० र म्याद थप २०७८।९।३० सम्ममा कार्य गर्ने गरी रु. ८६०९८०८।- कबोल गरी २०७७।१०।२० मा सम्झौता भएको देखियो उक्त योजना समयमा कार्य सम्पन्न हुन नसकी क्रमागत भएको देखिएन । योजनामा रुपान्तरण भएकोले समयमा नै कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनु पर्दछ ।<br>**(क) कार्य सम्पादन जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले कार्य सम्पादन जमानत म्याद अवधि सम्झौता उल्लेखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको पेश हुनुपर्ने व्यवस्था छ । पालिकाले सम्झौता भएको योजनाको म्याद २०७८।९।३० सम्म थप गरेकोमा प्राइम बैंक सिन्धुलीको २०७८।१०।१० सम्म मात्र मान्य अवधि रहेकोले २०७९।१०।३० सम्मको मान्य अवधि रहेको रु. ४३३६०००।- को कार्य सम्पादन जमानत पेश हुनुपर्ने रु.<br><br>**(ख)पेश्की जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा पेश्की दिँदा सेवा प्रदायकबाट त्यस्तो पेश्की रकम खाम्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत APG लिई पेश्की दिनुपर्ने र उपनियम ४ मा APG को बैंक जमानतको मान्य अवधि खरिद सम्झौता उल्लेख भएको पेश्की फस्र्योट गर्नुपर्ने भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित ठेक्कामा रु. १७२१९६०।- पेश्की मा रु. ८६९८०।- फस्र्योट गरी बाँकी रु. ८६९८०।- देखिएको छ । सो को APG मान्य अवधि २०७८ बैशाख मसान्त सम्म मात्र रहेको र त्यस्तो APG को खाम्ने रकम रु. २१७९८०।- ले घटी देखिएको छ । अतः पेश्की रकम भन्दा घटी APG भएको रु. २१७९८०।- र म्याद अवधि समेत नभएको APG को मान्य अवधि र खाम्ने बैंक जमानत थप भएको प्रमाण पेश हुनुपर्ने रु. | ४,५५४,९८० |
| २१.८ | | | **नागथान-देउराली डाँडा भञ्ज्याङ्ग भेडिखोर सडक निर्माण** – गाउँपालिकाको प्रदेश समपूरक कार्यक्रम अन्तर्गतको नागथान देउकी डाँडा भञ्ज्याङ्ग भेडी खोर सडक निर्माण कार्यको लागि कार्यपालिकाबाट स्वीकृत ल.ई. १९३१८३२४।- मा घटी कबोलदाता नाम्बुले कन्स्ट्रक्सनको कबोल अंक रु. ७४८८३१३ मा मिति २०७८।३।२५ मा सम्पन्न गर्नेगरी २०७७।१०।२१ मा सम्झौता भएको देखिन्छ । उक्त निर्माण कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम उक्त निर्माण कार्यको कार्य सम्पादन जमानत मान्य अवधि २०७९।४।२६ सम्म हुनुपर्नेमा २०६८।१०।१९ सम्म मात्र भएकोले नियमानुसार रु. ४८४१०००।- को म्याद अवधि रहेको कार्य सम्पादन जमानत पेश हुनुपर्ने रु. | ४,८४१,००० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.९ | | | **भदौरे-दोडिनि सडक स्तरोन्नती** – गाउँपालिकाको प्रदेश समपुरक कार्यक्रम अन्तर्गत भदौरे दोडिनि सडक स्तोरन्नती कार्यको लागी कार्यपालिकाबाट स्वीकृत ल.ई. रु. २०८१९२३५ मा देवी रमण कन्स्ट्रक्सन प्रा.ली. को कबोल अंक रु. ११९९०४९२ मा मिति २०७७।११।२५ मा सम्झौता भएको देखियो ।<br>**(क)** क्रमागत रुपमा रहेको उक्त सडक स्तरोन्नतीको रु. ४५५७०९८ भुक्तानी र रु. १५९१५३१ पेश्की बाँकी भएकोमा खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम कार्य सम्पादन जमानत मान्य अवधि २०७९।१०।३० सम्म हुनुपर्नेमा २०७८।११।१८ सम्म मात्र भएकोले PBG रकम रु. २२५४००० को कार्य सम्पादन जमानत थप गरेको प्रमाण पेश हुनुपर्ने रु.<br>**(ख)** उक्त सडक स्तरोन्नतीको लागी रु. ४५५७०९८ भुक्तानी र रु. १५९१५३२ पेश्की बाँकी रहेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) बमोजिम पेश्की रकम खाम्ने गरी बैंक जमानत र पेश्की फर्स्यौट गर्नुपर्ने भन्दा १ महिना बढी अवधिको मान्य अवधि हुनुपर्नेमा २०७८।५।१९ सम्म मात्र भएकोले २०७८।१०।३० सम्म मान्य अवधि भएको पेश्की बैंक जमानत पेश हुनुपर्ने रु. | ३,५४५,५३२ |
| २२ | | | **बीमा**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले निर्माण सामग्री प्रयोग गरिने मेशीन औजार लगायतका निर्माण कार्यको वीमा गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खरिद तथा ठेक्का व्यवस्थापनका उल्लेखित कार्य समेतको सबै निर्माण कार्यहरुको सम्झौता बमोजिम बीमा गरेको देखिएन । सम्झौता बमोजिम बीमा गर्नुपर्ने व्यावस्थाको पालना नगर्दा योजनाहरु धराशायी हुन जाने जोखिम देखिन्छ । खरिद कार्य गर्दा बीमाको प्रावधान कार्यन्वयन गरी जोखिम व्यावस्थान गर्नपर्दछ । | |
| २३ | | | **स्थलगत निरिक्षण**<br>नागथान देउकीडाँडा भञ्ज्याङ्ग भेडिखोर सडकस्तरोन्नती पार्ट एक र पार्ट दुईको लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा पार्ट दुईको चेनेज ०+००-१+६५० र पार्ट एको चेनेज १+६५०-१४+०० रहेकोमा पार्ट एकोको ५ कि.मि. नयाँ ट्र्याक रहेको, वेष्ट वाल, ग्याविन रिटेनिङ्ग वाल, बर.सि.सि. कजवे समेत कही ठाउमा पहिरोले पुरिएको, सवग्रेड लेवलिङ्ग ठिकिठिकै रहेको, पार्ट दुईको ल.ई.मा भएको एउटा ग्याविन वक्स हटाएर ल.ई.मा समावेश नभएको रत्नगंगा स्कुलको कम्पाउण्ड वालमा ग्याविन वक्स राखेको अवस्था देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **बैठक भत्ता**<br>अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को दफा ७.१ को ७.१.१(३) र (६) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठक भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने साथै बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ६(क) मा एकै प्रकृतिको समितिले बैठक जतिसुकै पटक बसेपनि बैठकमा उपस्थिति सदस्यले मासिक रुपमा चार पटक भन्दा बढी बैठक भत्ता नपाउने व्यवस्था भए तापनि एउटै महिनामा ४ पटक भन्दा बढी भत्ता लिएको देखियो । साथै पालिकाको कर्मचारीहरु मात्र बैठक बसी भत्ता लिएको समेत देखिएकोले पालिकाले ऐनको पालना गरी नियमानुसार बैठक भत्ता लिनुपर्दछ । केही उदाहरणहरु | |

| भौ नं. र मिति | विवरण | बैठकमा पस्थित क./प. संख्या | बंठक संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| २५०-२०७८।१।२४ | बोलपत्र मूल्याङ्कन समितिको बैठक | १२ | ०५-Jan | १५०० | ५८५०० |
| | दरबन्दी मिलान कार्यदलको बैठक | १० | ०६-Mar | १५०० | ५४००० |
| | रोजगार संयोजकको पदपूर्ति | ८ | ०५-Jan | १५०० | ३९००० |
| २७०-२०७८।२।९ | बोलपत्र मूल्याङ्कन समितिको बैठक | ९ | ०५-Mar | १५०० | ६०००० |
| २८९-२०७८।२।२९ | | ९ | ०२-Jan | १५०० | २४००० |
| ३०७-२०७८।३।६ | | ७ | ०२-Jan | १५०० | १९५०० |
| १०१-२०७७।९।२२ | शिक्षक पदपूर्तिको बैठक | ७ | ०५-Feb | १००० | ३७००० |
| १५६-२०७७।११।१८ | शिक्षा समितिका सदस्यहरुको बैठक | १४ | ७ | १००० | ९२००० |
| ३०७-२०७८।३।६ | विभिन्न विषयगत समितिको बैठक | ४४ | ०५-Jan | १००० | १२१००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **प्रशासनिक तथा कार्यक्रम**<br>यस गाउँपालिकाको प्रशासनिक तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>ईन्धन खर्च – गाउँपालिकाको आ.वं. २०७७।७८ मा ईन्धन तर्फ पालिकाले जम्मा रु. ४३७९१६४।- खर्च गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा गोश्वारा भौचरहरुमा संलग्न लगबुक हेर्दा कार्यालयको मातहत भन्दा बाहिर रहेका सवारी साधनहरुमा समेत ईन्धन प्रयोग भएको देखिन्छ । यसरी कार्यालयको सवारी साधनहरु भन्दा अन्य सवारी साधनहरुमा इन्धन प्रयोग गर्न कानून अनुसार नपाइने कुपनहरु जारी गर्दा कार्यालयलाई थप व्ययभार हुने देखिएकोले यसमा पालिकाले आफ्नो सावरी साधन बाहेक अन्य सवारी साधनकोलागी ईन्धन नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>खरको छानो मुक्त कार्यक्रम – गाउँ कार्यपालिकाको २०७७।९।२४ को निर्णयानुसार खरको छाना मुक्त वागमती प्रदेश कार्यक्रम संचालन मापदण्ड २०७७ अनुसार ५० जना लाभग्राही छनौट भएको देखिन्छ । प्रत्येक लाभग्राहीलाई प्रतिघर रु. ५० हजारका दरले रु. २५ लाख बजेटमा रु. २२९१३५०।- खर्च भएको देखिन्छ । कार्यक्रम संचालनमा केहीलाई पेश्की र केहीलाई कार्य सम्पन्न पश्चातको भुक्तानी भई सम्पन्न भएको उक्त कार्यक्रमको उपयोग र प्रभावकारिता सम्बन्धमा समन्वय, अनुगमन र मूल्याङ्कन हुनुपर्दछ ।<br><br>सुरक्षित नागरिक आवास कार्यक्रम – गाउँपालिकाको निर्णय र जि.स.स. सिन्धुलीको सिफारिशमा पालिकाबाट सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छानोमुक्त कार्यमा ९० जना छनौट गरी रु. ५० हजारका दरले रु. ४५०००००।- खर्च लेखेको देखिन्छ । सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि, २०७५ (शहरी विकास मन्त्रालय) अनुसार संचालन भएकोमा प्रदेश सरकारको समेत खरको छानो मुक्त कार्यक्रम संचालन भएकोले दोहोरो नपर्ने गरी एउटै मापदण्डका आधारमा संचालन तथा सोको अनुगमन मूल्याङकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>जिन्सी दाखिला - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयले कुनै पनि खरिद गरेको वा कुनै प्रकारको हस्तान्तरण भई प्राप्त भएको सम्पति तथा मालसमानको विवरण तथा मूल्य समेत खुलाई सम्पति तथा जिन्सी कितावमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाको स्वीकृत कार्यक्रम अनुसार कृषकहरुलाई वितरण गर्नको लागि विभिन्न सामग्री खरिद गरेको छ । पालिकाले देहाय बमोजिम खरिद सामग्रीहरुलाई मालसामानको विवरण तथा मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी बाँधेको नपाइएकोले नियमावली अनुरुप रु. १८६१००।- को जिन्सी किताबमा आम्दानी बाधी लगत अद्यावधिक गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>S.N.</th><th>Particular</th><th>Quantity</th><th>Rate</th><th>Amount</th></tr>
<tr><td>1.</td><td>Canon Printer LBP 2900</td><td>2</td><td>19850</td><td>39700</td></tr>
<tr><td>2.</td><td>4G/3G NTC wifi Pocket Device</td><td>2</td><td>3550</td><td>7100</td></tr>
<tr><td>3.</td><td>Computer Set Accer</td><td>2</td><td>61750</td><td>123500</td></tr>
<tr><td>4.</td><td>Canon Scanner Licie</td><td>2</td><td>7900</td><td>15800</td></tr>
<tr><td colspan="2">Total</td><td></td><td></td><td>186100</td></tr>
</table></td><td>१८६,१००</td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>वितरण भरपाई - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाको भनाई अनुसार वडा नं. १ र २ मा रहेका विद्यालयहरुलाई वितरण गर्नका लागि वि.नं. ००२।६।२५ मा कारपेट ५६८ वटा रु. ६०० का दरले रु. ३४०८००।- र चकटी १९० वटा ३२५ का दरले रु. ६१७५०।- गरी जम्मा रु. ४५४८८१।- (मू.अ.कर समेत) को प्रयोग तथा मौज्दात अवस्थाको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४५४,८८१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.५ | | | **मेड्पा कार्यक्रम** – गाउँपालिका र सामूहिक सरोकार समाज केन्द्र सिन्धुली बीच गाउँपालिकामा ९० जना लघुउधमी सृजना गर्ने र ५० जना स्तरोन्नति गर्ने लक्ष्य सहित २०७७।९।२९ मा सम्झौता गरी रु. १४२५९९७।- भुक्तानी गरेको देखिन्छ । केन्द्र लघुउद्यमी ९ कार्यक्रममा १११ जना र स्तरोन्नति ४ कार्यक्रममा ५० जना तालिममा सहभागी संख्या देखिएकोमा उक्त तालिमको सम्झौता अनुसारको गुणस्तर कायम गरी उद्यमिहरुले सिकेको सीपलाई व्यवहारमा उतारी व्यवसायिक बने नबनेको सम्बन्धमा पृष्ठयोजना सहितको अनुगमन हुनुपर्दछ । | |
| २५.६ | | | **गैर सरकारी संस्थाबाट कार्य** – ३५७-२०७८।३।२९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(२) मा सार्वजनिक निकायले १० लाख रुपैयाँ सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश गैर सरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रियस्तरका स्थानिय स्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ग्रामिण सामुदायिक विकास संघ सिन्धुलीलाई कक्षा ६-१० सम्म गणित र विज्ञान विषयको प्रयोगात्मक तालिम संचालनको लागी सम्झौता गरी रु. ८ लाख भुक्तानी दिएको देखिन्छ । नियमानुसार मात्र गैर सरकारी संस्थाबाट कार्य गराउनुपर्दछ । उक्त संस्था मू.अ.करमा दर्ता नभएको मौजुदा सूचीमा समावेश नभएको र सूचना प्रकाशनबाट प्रस्ताव माग समेत नभएको रु. | ८००,००० |
| २५.७ | | | **यान्त्रिक उपकरण संचालन** – गाउँपालिकाले खरिद गरेको मेशिनरी उपकरण उद्देश्य बमोजिम संचालन गर्नुपर्दछ । गाउँपालिकाबाट १ ब्याकहोलोडर खरिद गरी गत विगत वर्षदेखि नै संचालनमा रहेको देखिन्छ । उक्त यान्त्रिक उपकरण संचालन गर्न फिक्कल गाउँपालिकाको यान्त्रिकरण उपकरणहरु संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ तयार गरी कार्यान्वयनमा रहेको देखियो । उक्त यान्त्रीक उपकरण संचालनबाट पालिकाले रु. ११३१०००।- आम्दानी गरेकोमा उक्त उपकरण संचालन खर्चमा चालक पारिश्रमिक रु. ५१५०००।- मर्मत खर्च रु. ९६०५७४।- ईन्धन खर्च रु. ९०२८२३।- समेत रु. २३७८३९७।- खर्च भएको देखिन्छ । उक्त खर्च उपकरणबाट भएको आम्दानी भन्दा खर्च बढी देखिएकोले यान्त्रिकरण उपकरण संचालनबाट पालिकालाई रु. १२४७३९७।- थप आर्थिक व्ययभार परेको देखियो । अतः पालिकाले यान्त्रिक उपकरण संचालन गर्दा कार्यविधि बमोजिम संचालन गर्ने, संचालन कोषको अलग आय-व्यय तयार गरी लेखापरीक्षण गराउने, मर्मत, इन्धन, इन्सुरेन्स र चालक खर्च जस्ता व्यावस्थापन खर्च तथा मेशिन प्रतिस्थापन समेत हुने गरी यान्त्रिक उपकरण संचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| २६ | | | **कृषि**<br>यस गाउँपालिकाको  कृषि कार्यक्रम तर्फ देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| २६.१ | | | **कृषि औजार वितरण** – ३३७-२०७८।३।१५ आर्थिक वर्ष २०७७।७८ को वार्षिक नीति तथा कार्यक्रम तथा बजेट अन्तर्गत ६० प्रतिशत कृषि औजार (मकै छोडाउने मेशिन, धान/गहु छार्ने, धान थ्रेसर, मिनि टेलर पावर टेलर) कार्यक्रमा ६० प्रतिशत पालिकाले व्यहोर्ने र ४० प्रतिशत किशानले व्यहोर्ने गरी कार्यक्रम स्वीकृत भएको छ । वि.नं. १२८-२०७७।८।१८ मा Ranjitkar Enterprises, Kathmandu बाट Manual Corn Thresor ५६ थान रु. ३०००।- का दरले खरिद गरिएकोमा वडा नं. १ मा ९ वटाको ४० प्रतिशतले हुने रु. १०८००।- मात्र दाखिला भएकोले बाँकी ४७ वटाको ४० प्रतिशतले हुन आउने रकम रु. ५६४००।- थ्रेसर पाएका कृषकबाट असुल गरी बैंक दाखिला गर्नुपर्ने रु. | ५६,४०० |
| २६.२ | | | **बितरण भरपाई** - आर्थिक वर्ष २०७७।७८ का लागि सातौ गाउँसभाबाट स्वीकृत वार्षिक नीति, कार्यक्रम बजेट तथा निर्णयहरु अन्तर्गत आर्थिक विकास समितितर्फ पिटलको स्प्रेयर ट्याङ्की गाउँ विकास समितिका साविक वडामा १/१ वटा वितरण गर्ने गरी कार्यक्रम स्वीकृत भएको छ । वि.नं. २७८-२०७७।१०।१९ मा कान्तिपुर सर्जिक, ट्रिपुरेश्वरबाट ३० थान रु. १००६७.२५ को दरले रु. ३०२०१७.५० को खरिद गरेकोमा सो ट्याङ्की कृषकलाई वितरण गर्दा कृषक छनौटको आधार बेगर वडा नं. १ मा ५ थान, वडा नं. ३ मा ५ थान, वडा नं. ५ मा ५ थान र वडा नं. ६मा ५ थान, गरी जम्मा २० वितरण गरेको र वितरण भरपाई संलग्न नभएको १० थानको रु. १००६७२.५ वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु. | १००,६७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.३ | | | **मकै छोडाउने मेशिन** - ३३७-२०७८।३।१५ आर्थिक वर्ष २०७७।७८ को वार्षिक नीति तथा कार्यक्रम तथा बजेट अन्तर्गत ६० प्रतिशत कृषि औजार (मकै छोडाउने मेशिन, धान/गहु छार्ने, धान थ्रेसर, मिनि टेलर पावर टेलर) कार्यक्रमा ६० प्रतिशत पालिकाले व्यहोर्ने र ४० प्रतिशत किशानले व्यहोर्ने गरी कार्यक्रम स्वीकृत भएको छ । वि.नं. १२८-२०७७।८।१८ मा Ranjitkar Enterprises, Kathmandu बाट Manual Corn Thresor ५६ थान रु. ३००।- का दरले खरिद गरेको मा वडा नं. १ मा ९ थान मात्र वितरण गरेको भरपाई पेश भएकोले बाँकी ४७ थानको रु. १४१०००।- को कृषकले बुझेको वडाले प्रमाणित गरेको भरपाई पेश गर्नुपर्ने रु. | १४१,००० |
